KAMANA
...लालद्वारा प्रतिष्ठापित
लाखौं पाठकको प्रिय पत्रिका

कामना

www.newsofnepal.com
वर्ष ४० । २०८१ । पूर्णाङ्क ३४८
मूल्य रु. १००/-

पिताको बिडो थाम्दै
अनमोल

हिन्दी गीतमा रमाउँदै
नेपाली गायक-गायिका

सिनेमामा दशैं भिडन्त

ISSN 1990-6781

The most enjoyable and unique Memory Book

The book treasures sweet memories to create and strengthen the lifelong bonding between a child and parents, building trust and respect from the moment the child comes into this world.

Available on Hard Cover
Rs. 2050
Free Delivery
(Kathmandu Valley)
5361179/ 9851069830



Limited Time Offer

Receive Free
Aiken
Antiseptic Liquid (450ml) &
Antibacterial Hand Wash (500ml)



१० सिनेमामा दशैं भिडन्त

१४ तुकुनको मुकुन मन पर्‍यो विपीन र पूजालाई

१६ पिताको बिडो थाम्दै अनमोल केसी

३७ न्युयोर्क फेसन विकमा आईआइएफटियन स्मिताको चर्चा

४१ राजमती नेपाली भर्सनमा

४२ तेल भिसाको लिरिकल सङ

२० फ्रान्स र स्पेनको मेलामा मन जित्यो नेपालको नृत्यले

२२ हृदयविदारक दुर्घटनाको सजीव सिनेमा टाइटानिक

२४ अनिशा कम्बोडियाको मिस प्लानेटमा

३४ इन्फा अवार्डमा अनमोल र केकीले मारे बाजी

प्रमुख कार्यकारी अधिकृत
दिरेकलाल श्रेष्ठ

निर्देशक
रकिनलाल श्रेष्ठ

क्रिएटिभ डाइरेक्टर
बिनी श्रेष्ठ

सम्पादक
विदुर गिरी

संवाददाता
रश्मी थापा

प्रोसेसिङ
सुरेन्द्रराज मानन्धर

लेआउट/डिजाइन
मोहम्मद साबिर अली

आवरण : निश्चल बस्नेत र स्वस्तिमा खड्का
आवरण तस्विर : बद्री थापा

Kamana, the entertainment encyclopedia of Nepal, is the largest selling entertainment monthly magazine of Nepal. It is also the largest exported magazine from Nepal. *Kamana* is published by Kamana News Publications, the pioneer private publication house of Nepal. Kamana News Publications is the publisher of *Sadhana* (the largest selling monthly health and beauty magazine), *Nepal Samacharpatra* (one of the leading national daily newspapers), *Mahanagar* (the largest selling evening daily newspaper - currently discontinued), *newsonepal.com* (one of the most popular infotainment websites) and *Kamana Film Awards* (the biggest award ceremony of Nepal).

Established in 1984, *Kamana* is primarily a film magazine but also covers music, fashion, arts, culture and theater, in short, the whole entertainment industry. *Kamana* is the best vehicle to reach youth and female moviegoers and celebrities. Perhaps the biggest success among the Groups publications, *Kamana* carries its readers with an unbreakable emotional attachment issue after issue.

Individuals willing to contribute their articles and views are highly encouraged.

Information or articles published in this issue cannot be reproduced without prior consent of the publication house.

Newsstand Price: Rs. 100/-
Yearly Subscription Price: Rs. 1200/-

कामना न्यूज पब्लिकेसन्स्
पोबक्स : २०४५, कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
फोन : ५३६११७९
फ्याक्स : ४३१८९९०
ई-मेल : merokamana@gmail.com

सम्पादकीय

सिनेमामा दशैं भिडन्त र चुनौती

जब-जब चाडबाड नजिकिन्छ, क्यालेन्डरमा रातो अक्षर र अंक बढ्न थाल्छ, फिल्म रिलिजमा हानाथाप चल्न थाल्छ।

दशैंमा लामो बिदा हुने तथा देश-विदेशमा भएका नेपालीहरू आफ्ना गाउँ-शहर फर्की परिवार र साथीभाइसँगै मनोरञ्जन लिन सिनेमा हलमा पुग्ने भएकाले यो समयको बिदा नेपाली फिल्मका लागि व्यापारको उर्वर समय मानिन्छ। त्यस कारण दशैंमा फिल्म चलाउन निर्माता र वितरकबीच हानाथाप हुने गर्छ। त्यो हानाथाप यो दशैंमा प्रस्टै रूपमा देखिएको छ। यसपालिको दशैंमा एकसाथ एकैदिन तीन नयाँ फिल्म रिलिजमा छन्।

त्यसो त यसपालिको दशैंका लागि चार फिल्म सिने बजारमा हुने छन्। दशैंलाई लक्षित गरेर चार फिल्म रिलिजमा छन्। यसपालिको दशैंमा *बेहुली फ्रम मेघौली*, *छक्का पञ्जा-५*, ज्वाइँसाप र १२ गाउँ रिलिजमा छन्। यी चारै फिल्म सिने क्षत्रसँगै दर्शकले पनि प्रतीक्षा गरेका फिल्म मानिएका फिल्म हुन्। चारै फिल्म दर्शकले मन पराएका कलाकार र टिमको संलग्नतामा बनेको फिल्म हो।

बेहुली फ्रम मेघौली दशैं आरम्भको दिन पारेर असोज १७ गते घटस्थापनाको दिन रिलिजमा आएको छ। *छक्का पञ्जा-५*, *ज्वाइँसाप* र *१२ गाउँ* भने असोज २४ गते फूलपातीका दिन एकैसाथ रिलिज हुँदै छन्। एकसाथ तीन फिल्म एक-आपसमा जुध्नुलाई कतिपयले स्वाभाविक मान्दै व्यावसायिक पक्ष मानेका छन् भने कतिपयले एकसाथ तीन तीन नेपाली फिल्म जुधाएर सही नगरेको भनेका छन्। दशैंको समयमा सबैमा मनोरञ्जन गर्ने मन हुने भएकाले यति फिल्म सँगसँगै रिलिजमा आएर फरक नपर्ने मत पनि छ।

खासमा अन्य व्यवसाय जस्तै फिल्म क्षेत्र पनि प्रतिस्पर्धामा आधारित क्षेत्र हो। फिल्ममा जति धेरै व्यावसायिक प्रतिस्पर्धा हुन्छ, त्यति धेरै यसको विकासको सम्भावना बढेर जान्छ। आफ्नो उत्पादन बजारमा जाओस्, अरूको घर कार्यालयमै थन्कियोस् भन्ने सोच पनि सही चाहिँ होइन। जति धेरै फिल्म चले, त्यति नै धेरै दर्शक फिल्मप्रति आकर्षित हुन सक्छन्। तर, प्रतिस्पर्धाचाहिँ पूर्णरूपमा स्वस्थ र स्वच्छ हुनुपर्छ। यसपालि दशैंलाई लक्षित गर्दै रिलिजमा रहेका चारै फिल्म नाम कमाएका कलाकार, प्राविधिक, निर्देशकका फिल्म हुन्। त्यसैले चारै फिल्मले राम्रो व्यापार गर्ने अपेक्षा गरिएको छ। चारै फिल्मका निर्माता तथा टिमले आफ्नो फिल्म बलियो र व्यावसायिक रूपमा सफल हुने दाबी पनि गर्दै आएका छन्। तर, कुन फिल्म कति सफल र कति अब्बल भन्ने विषय कसैले दाबी गर्ने भन्दा पनि दर्शकले मूल्यांकन गर्ने विषय हो। दर्शक नै फिल्मलाई सफल र असफल बनाउने मुख्य कडी हुन्।

दशैंको मुखैमा आएर यसपटक अविरल र भीषण वर्षा हुँदा देशैभरको जनजीवन अस्तव्यस्त भएका छन्। गाँस-बासकै समस्या भएपछि दशैं नै कसरी मनाउने भन्ने पिरलो छाएको छ। यस्तोमा मनोरञ्जन त पछिको विषय हुने नै भयो। बाढी र पहिरोले तहसनहस बनाएको यो समयमा फिल्मको व्यापार आफैंमा चुनौतीको विषय बन्न पुगेको छ।

यसपालिको दशैंका सबै फिल्म २/३ करोड रुपियाँभन्दा माथि लगानीका छन्। सबै फिल्मको लगानी कूल १२ करोड रुपियाँभन्दा पनि माथि छ। कुनै पनि फिल्मले व्यापार गर्दा त्यसले संकलन गरेको कूल रकमबाट बढीमा केवल ३३ प्रतिशत रकम मात्र निर्माताको हातमा पर्छ। किनभने ५० प्रतिशत रकम हलले लैजान्छ भने वितरकले १५ प्रतिशतसम्म लिन्छन्। प्रचार-प्रसारको जिम्मेवारी पनि निर्माताकै भारमा पर्छ। यसरी निर्माताको भागमा कूल संकलित रकमबाट बढीमा केवल ३३ प्रतिशत पर्न जान्छ। यस हिसाबले यो १२ करोडमाथिको लगानी उठाउनु निर्माताका लागि सफलतासँगै चुनौतीका विषय भएको छ।

कुनै पनि फिल्मको व्यापार त्यसले सार्वजनिक गर्ने गीत-संगीत र प्रचार सामग्रीले निर्धारण गर्ने गर्दछ। दशैंका यी चार फिल्ममध्ये धेरैजसोले सार्वजनिक गरेका गीत-संगीत र प्रचार सामग्रीबाट दर्शक आकृष्ट भएको पाइन्छ। रिलिजमा रहेकामध्ये धेरैजसो फिल्मका ओभरसिज राइट्स राम्रो मूल्यमा बिक्री हुनुले पनि यी फिल्मले व्यावसायिक सफलता हासिल गर्ने सम्भावनालाई इंगित गर्दछ। फेरि नाम चलेका र सम्भावना बोकेका कलाकार, प्राविधिक तथा निर्देशकका कारण पनि यी फिल्म दर्शकका दृष्टिमा परेका छन्। बाँकी चाहिँ दर्शकको हातमा छोडिदिनु बाहेक अरू उपाय हुन सक्दैन।

अन्त्यमा, *कामना*का समस्त पाठक, शुभेच्छुक, वितरक तथा विज्ञापनदातामा विजयादशमी-२०८१ को हार्दिक मंगलमय शुभकामना।

विदुर गिरी

सलोन रंगी बनाउँदै

नायक सलोन बस्नेतल आफ्नो होम प्रोडक्सन सलोन सलिना फिल्म्स् प्रालिको ब्यानरमा फिल्म रंगी बनाउने भएका छन्।

यस फिल्मबाट छक्का पन्जा, ए मेरो हजुर-२, यात्रा, म यस्तो गीत गाउँछु-२, कृ जस्ता फिल्ममा मुख्य सहायक निर्देशन गर्दै आएका सुरेश न्यौपानेले डेब्यु निर्देशन गर्नेछन्। फिल्मको टाइटल पोस्टरसमेत सार्वजनिक गरिएको छ।

सक्षम सुवेदीले निर्माण गर्ने फिल्ममा सुमन गजमेरको लेखन र सौरभ लामाको छायांकन रहनेछ। कलाकारहरू भने फाइनल गर्न बाँकी रहेको निर्माण समूहले जनाएको छ।

अपर मुस्ताङमा एक्लो

साइन्स फिक्सनमा आधारित रहेर निर्माणाधीन फिल्म एक्लोको अपर मुस्ताङमा करिब ४० लाखको सेट तयार गरेर छायांकन गरिएको छ।

राजधानीको भद्रकालीमा शुभ मुहूर्त गरेर ललितपुरको च्यासलमा केही दृश्य छायांकन गरी यसको निर्माण समूह मुस्ताङतिर लागेको थियो। फिल्मका कार्यकारी निर्माता विनोद सुवेदी क्षितिजका अनुसार मुस्ताङमा ३० देखि ३५ दिनसम्म यसको छायांकन हुनेछ। फिल्म छुसेल, छुसाङ, कागबेनी, जोमसोमलगायतका स्थानमा पनि छायांकन गरिनेछ। मुस्ताङपछि काठमाडौंमा छायांकन गर्ने सेड्युल छ।

प्रदीप खड्का, विजय लामा, सुनील थापा, दिया पुन, बेनिशा हमाल, दिनेश डिसी, कविता नेपाली, सुरजसिङ ठकुरी, त्रुप्र राई, कृष्णभक्त महर्जन, विकास अधिकरी, दिग्गज खत्री, विनोदकुमार सुवेदी क्षितिज, श्रीशेष श्रेष्ठ, बाल कलाकार जेमिन श्रेष्ठ, स्योन सविक सिङ, बेलायती अभिनेता जेमी बेकनलगायतले अभिनय गर्ने फिल्म प्रदीप साहीले निर्देशन गरिरहेका छन्। कलाकार जेमी बेकम यो फिल्मको बेलायतको निर्माण साझेदारसमेत रहेका छन्। राजुकुमार गुरूङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा र बागवीर पुनको लगानीमा निर्माणाधीन फिल्ममा राजु तामाङको द्वन्द्व निर्देशन, राजु पेन्टरको सेट डिजाइनर, सन्तोष लामाको कला निर्देशन र बाबु श्रेष्ठको छायांकन रहेको छ।

पूर्णबहादुरको सारंगी तिहारमा

सोसल–ड्रामा जनराको फिल्म पूर्णबहादुरको सारंगी आगामी तिहारमा रिलिज हुने भएको छ।

फिल्मको निर्माण समूहले कात्तिक १५ गते लक्ष्मीपूजाको दिनलाई रिलिज डेट तोक्दै यसको फर्स्ट लुक पोस्टर सार्वजनिक गरेको छ। सार्वजनिक फस्ट लुक पोस्टरमा फिल्मका मुख्य पात्रका रूपमा अभिनय गरेका विजय बराल र प्रकाश सपुतलाई प्रस्तुत गरिएको छ। विजयको भुस्स दारी र जुंगामा क्लोजअपमा वान साइड फेस देखाइएको छ। उनको तस्वीरमुनि प्रकाश सपुत सरकारी स्कुलको ड्रेसमा हातमा मार्कसिट बोकेर उफ्रिँदै घरतिर कुदिरहेका छन्।

सरोज पौडेलको लेखन र निर्देशनमा निर्माणाधीन फिल्ममा विजय र प्रकाशसँगै मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिस बास्तोला, श्याम केसी, जान्हवी पौडेल लगायतले अभिनय गरेका छन्। सेभेन सिस सिनेमा र बाँसुरी फिल्म्स्को ब्यानरमा विनोद पौडेल र प्रतीक सुवेदीद्वारा निर्मित फिल्ममा पटकथा र संवाद महेश दवाडी, संगीत प्रशान्त शिवाकोटी, सारंगी हेमन्त कान्छा रसाइली, स्वर प्रशान्त शिवाकोटी, मेलिना राई र पुष्पन प्रधान, छायांकन शिवराम श्रेष्ठ र सम्पादन सुरेन्द्र पौडेलको रहेको छ।

समाचार

घरज्वाइँले मनायो ५१औं दिन ग्रस कलेक्सन साँढे ५ करोड

मगर समुदायमा प्रचलित घरज्वाइँ संस्कृतिमा आधारित फिल्म घरज्वाइँले प्रदर्शनको ५१औं दिन मनाएको छ।

फिल्म आईएनआई नयाँ बसपार्क, नयाँ बानेश्वर र बुटवलका तीन हल, गोंगबुस्थित बीएसआर मुभिज, सामाखुसीस्थित क्यूएफएक्सको सिटी स्क्वायर हल र नेपालगञ्जको सिने रोयलमा ५१ दिनसम्म चलेको हो। फिल्मले प्रदर्शनको ५१औं दिनको रेकर्ड राखेको अवसरमा राजधानीमा खुसियाली मनाएको छ। प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यता सम्पन्न कार्यक्रममा फिल्मका कलाकारले केक काटेर खुसी साटेका थिए। कार्यक्रममा फिल्मका कलाकार तथा प्राविधिकलाई मायाको चिनो प्रदान गरिएको थियो।

गत असार २८ गते रिलिजमा आएको फिल्ममा दयाहाङ राई, मिरूना मगर, बुद्धि तामाङ, शिशिर बाङ्देल, अनु थापा, पुष्कर गुरूङ, भोलाराज सापकोटा, खड्गबहादुर पुन, राज थापा मगर, कविता आले मगर लगायतका कलाकारले अभिनय गरेका छन्। अनिल बुढा मगरको लेखन तथा निर्देशनमा बनेको फिल्म साँढे २ करोडको लागतम बनेको र यसले साढे ५ करोडको व्यापार गरेको जनाइएको छ।

साम्बलाको प्रिमियरमा बलिउडको चासो

मीनबहादुर भाम निर्देशित फिल्म साम्बालाको राजधनीमा आयोजित प्रिमियर शोमा बलिउडका कलाकर्मीले पनि चासो देखाएका छन्। राजधानीको ठमेलस्थित छायाँ सेन्टरमा आयोजित प्रिमियरमा बलिउड निर्देशक अनुराग कश्यप र अभिनेता नवाजुद्दिन सिद्दिकीले सहभागिता जनाउँदै चासो व्यक्त गरेका थिए। उनीहरू फिल्मको प्रिमियरकै लागि काठमाडौं आएका थिए।

प्रिमियरमा भामसहित फिल्मका कलाकार थिन्ले ल्हामो, सोनम तोप्दन कास्ट एन्ड ऋुकासाथै कला र राजनीतिक क्षेत्रका व्यक्तिको बाक्लो सहभागिता रहेको थियो। समारोहमा निर्देशक कश्यप र अभिनेता सिद्दिकीले नेपाली फिल्म क्षेत्रको प्रशंसा गर्दै भामको निर्देशकीय कलाको प्रशंसा गरे। सिद्दिकीले आफू नेपाल पहिलोपटक आएको जनाउँदै साम्बाला फिल्म हेर्ने लोभले नै नेपाल आउन आकर्षित गरेको बताए। 'म नेपाल पहिलोपटक आएको हुँ, साम्बाला हेर्नै भनेर यहाँ आएको हुँ। फेरि पनि नेपाल अवश्य आउनेछु ।' –उनको भनाइ थियो। निर्देशक कश्यपले नेपाली फिल्म क्षेत्रको स्तरोन्नति हुँदै गएकोमा प्रशंसा गरे। नेपालको कर्णाली प्रदेशमा प्रचलित बहुपति प्रथाको कथा बुनिएको फिल्ममा विवाहित एक गर्भवती महिलाले व्यापार गर्न ल्हासा पुगेर बेपत्ता भएका श्रीमान् खोज्दा भोग्नुपरेको कष्टकर यात्रा चित्रित गरिएको छ। साम्बाला विभिन्न अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शनपछि अल नेपाल रिलिज भएको हो।

शुभेच्छा नि:शब्द निर्देशन गर्दै

अभिनेत्री तथा निर्देशक शुभेच्छा थापाले नि:शब्द नामक फिल्म निर्देशन गर्ने भएकी छन्। उनको निर्देशनमा बन्ने फिल्मको राजधानीको भद्रकाली मन्दिरमा शुभ मुहूर्त गरिएको छ।

तेस्रो लिंगीसँग सम्बन्धित विषयवस्तुलाई लिएर निर्माण हुने फिल्ममा शुभेच्छा थापा, सरोज दाहाल, उमेश खड्का, समिप निरौला, गोमा केसी, रश्मी भट्ट, सुशीला निरौला, कमल बोहोरा, रमेश ढकाल, सविता खड्का, भगवान् भण्डारी, कल्पना बिसी, सञ्जय मुडभरी, मायादेवी श्रेष्ठ, सहारा खड्का, हुमा गिरी, सागर हुमागाईं, चन्द्रबहादुर गुरूङ, बन्दना गुरूङ, अनुप श्रेष्ठ, सुरेश पुडासैनी, प्रनिता तामाङ, मन महर्जन, गंगा गुरूङ, प्रकृति राणा मगरलगायतका कलाकारले अभिनय गर्नेछन्।

राधारमण मञ्जिल मल्टी प्रपोज ग्रुपको ब्यानरमा उमेश खड्काले निर्माण गर्ने फिल्ममा सौरभ दवाडीको पटकथा, देव श्रेष्ठको द्वन्द्व निर्देशन, शंकर विश्वकर्माको नृत्य निर्देशन र विनोद बरालको छायांकन रहनेछ।

रेडियो आहाले मनायो तेस्रो वार्षिकोत्सव

गीतकार खरेललाई संगीत विरासत सम्मान

राजधानीको डिल्लीबजारबाट सञ्चालन भइरहेको लोकप्रिय कार्यक्रम प्रस्तोता तथा सञ्चारकर्मी हेम सुवेदीको रेडियो आहाले विभिन्न व्यक्तित्वलाई सम्मान गर्दै तेस्रो वार्षिकोत्सव मनाएको छ।

कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका महामन्त्री गगन थापाले नगदसहित किरण खरेललाई रेडियो आहा राष्ट्रिय संगीत विरासत सम्मान, दीक्षा चापागाईंलाई सामाजिक परोपकार सम्मान र सिर्जना वाग्लेलाई महिला सशक्तीकरण सम्मान प्रदान गरे। कार्यक्रममा उत्कृष्ट कर्मचारीका रूपमा समाचारवाचिका तथा कार्यक्रम प्रस्तोता सम्झना धमलालाई नगदसहित सम्मान गरिएको थियो। कार्यक्रममा देउडा सम्राट नन्दकृष्ण जोशी, हास्य कलाकार श्रीकृष्ण सिंखडा, गायक शिशिर योगीलगायतका कलाकारले आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए भने संगीतकार भूपेन्द्र रायमाझीको सांगीतिक समूहले रेडियो आहाको जन्मदिनको शुभकामना गीत गाएका थिए।

कार्यक्रममा प्रमुख अतिथि थापाले रेडियो चलाउनु चुनौतीको विषय भएको चर्चा गरे। रेडियोमा २६ वर्ष बिताएका रेडियोका प्रबन्ध निर्देशक हेम सुवेदीले आगामी दिनमा स्रोताको मन जित्ने प्रकारका कार्यक्रम लिएर आउने बताए। रेडियो आहा १०४ दशमलव ५ मेगाहर्जका साथै रेडियो आहा डटकममा पनि प्रत्यक्ष रूपमा प्रसारण हुँदै आएको छ।

सिनेमामा दशैं भिडन्त

विदुर गिरी

यसपालिको दशैंमा चार फिल्म सिने बजारमा आउँदै छ। दशैंलाई लक्षित गरेर चार फिल्म रिलिज हुन लागेका हुन्।

नेपाली क्यालेन्डरमा जति-जति रातो चिह्न देखिन थाल्छन्, जति-जति बिदाका दिन देखिन थाल्छन्, फिल्म रिलिजका लागि हानथाप चल्ने गर्छ। त्यसमाथि दशैंमा लामो बिदा हुने तथा देश-विदेशमा भएका नेपालीहरू आफ्ना गाउँ-शहर फर्की परिवार र साथीभाइसँगै मनोरञ्जन लिन सिनेमा हलमा पुग्ने भएकाले यो समयको बिदा नेपाली फिल्मका लागि व्यापारको उर्वर समय मानिन्छ। त्यस कारण दशैंमा फिल्म चलाउन निर्माता र वितरकबीच हानथाप हुने गर्छ। यसो हुँदा मिल्ने फिल्मकर्मी पनि भिडन्तको अवस्थामा पुग्छन्। एक/दुई दिन बिदा भएका समयमै फिल्म रिलिज गर्न हानथाप हुने गरेकामा दशैंजस्तो लामो बिदाको समयलाई आफ्नो फिल्म चलाउने सुअवसर मानिनु स्वाभाविक पनि हो। तर, यसपालिको दशैंमा अस्वाभाविक विषयचाहिं के छ भने एकसाथ एकैदिन तीन नयाँ फिल्मले दशैंलाई आफ्नो रिलिज डेट बनाएका छन्।

यसपालिको दशैंमा बेहुली फ्रम मेघौली, छक्का पञ्जा-५, ज्वाइँसाप र १२ गाउँ रिलिज हुँदै छन्। यी चारै फिल्म सिने क्षेत्रसँगै दर्शकले पनि प्रतीक्षा गरेका फिल्म मानिएको छ। चारै फिल्म दर्शकले मन पराएका कलाकार र टिमको फिल्म हो।

बेहुली फ्रम मेघौली दशैं आरम्भको दिन पारेर अर्थात् असोज १७ गते घटस्थापनाको दिन रिलिजमा आउँदै छ। छक्का पञ्जा-५, ज्वाइँसाप र १२ गाउँ भने असोज २४ गते फूलपातीका दिन एकैसाथ रिलिज हुँदै छन्। एकसाथ तीन फिल्म एक-आपसमा जुध्नुलाई कतिपयले स्वाभाविक मान्दै व्यावसायिक पक्ष मानेका छन् भने कतिपयले एकसाथ तीन नेपाली फिल्म जुधाएर सही नगरेको भनेका छन्। जे भए पनि यी तीनै फिल्म एकसाथ एकैदिन आउने भएको छ।

बेहुली फ्रम मेघौलीमा दर्शकले रूचाएको दम्पती निश्चल बस्नेत र स्वस्तिमा खड्काको शीर्ष भूमिका छ। फिल्मले निश्चित उमेर पार गरिसकेपछि विशेष कारणवश छोरीलाई योग्य वर पाउन पर्ने मुस्किलको कथा बोकेको छ। भ्रामरी दशाको कारण छोरीको विवाह ३० वर्षको उमेरभित्रै गर्नुपर्ने दबाबमा रहेको परिवारको कथा भन्ने फिल्ममा योग्य वर पाउन परिवार र युवतीले गरेको संघर्ष छ। सोसल ड्रामाको फिल्ममा निश्चल र स्वस्तिमाका साथमा विजय बराल, बसुन्धरा भुसाल, रक्षा थापा, लोकेन्द्र लेखक, आमिर गौतम, सिरू विष्ट, सिम्रन खड्का, शिशिर शिवाकोटी, टीका पहारी, प्रभाकर शर्मा, लुनिभा तुलाधर, मुकुन्द मैनाली, रामबाबु रेग्मीलगायतले अभिनय गरेका छन्। साजन काफ्ले र आकाश बरालद्वारा संयुक्त रूपमा निर्देशित फिल्ममा लेखन पनि उनीहरूकै छ भने संगीत जयन जे वाइवा, स्वर कालिप्रसाद बासकोटा, कुशल पोखरेल, इन्द्रकला राई र बबिना किराँती, छायांकन निर्देशन नरेन्द्र मैनाली र सम्पादन निमेश श्रेष्ठको रहेको छ। फिल्म ब्ल्याक हर्स पिक्चर्स र मेघौली फिल्म्स्को ब्यानरमा निश्चल बस्नेत र स्वस्तिमा खड्काले निर्माण गरेका हुन्। बेहुली फ्रम मेघौलीले सिंगल रिलिज पाएका कारण यसले व्यापारिक सफलता पाउने सम्भावना छ। एकसाथ भिड्न लागेका तीन फिल्ममध्ये चाहिं कसले बाजी मार्नेछ भन्ने यसै भन्न सकिने अवस्था छैन। त्यसो त यीमध्ये छक्का पञ्जा-५ को सम्भावना राम्रो छ। एक त नामको आधारको सिरिज छक्का पञ्जा आफैं एक ब्रान्ड बनिसकेको छ भने यो फिल्मको पछिल्लो सिरिजले ल्याएका दुई गीत दर्शकका बीच लोकप्रिय छ। फिल्मले ल्याएको धानको बाला झर्ला कि नझर्ला र ब्रेकअप सङ्ले आलोचनासँगै लोकप्रियता पाएको छ। फिल्मका सार्वजनिक यी गीत टिकटक पुस्तालाई लक्षित गरी तयार पारिएको छ र ती पुस्तामाझ लोकप्रिय पनि छ। द्विअर्थी भावका यी गीतलाई लिएर विभिन्न टिका-टिप्पणी पनि भएका छन्। तर दर्शक यो फिल्म हेर्न लालयित छन्।

कुनै पनि फिल्मले व्यापार गर्दा त्यसले सकलन गरेको कूल रकमबाट बढीमा केवल ३३ प्रतिशत रकम मात्र निर्माताको हातमा पर्छ। किनभने ५० प्रतिशत रकम हलले लैजान्छ भने वितरकले १५ प्रतिशतसम्म लिन्छन्। प्रचार-प्रसारको जिम्मेवारी पनि निर्माताकै भारमा पर्छ। यसरी निर्माताको भागमा कूल संकलित रकमबाट बढीमा केवल ३३ प्रतिशत पर्न जान्छ। यस हिसाबले यो १२ करोडमाथिको लगानी उठाउनु निर्माताका लागि सफलता र चुनौतीका विषय बन्न जान्छ।

चार फिल्मकै निर्माताहरु आफ्नो फिल्मले गतिलो व्यापर गर्नेमा विश्वस्त छन्। तर, कुन फिल्मलाई माथि लाने वा व्यापारिक रुपमा सफल बनाउने भन्ने विषयचाहिँ दर्शकमा मात्र निहित छ।

दीपाश्री निरौलाद्वारा निर्देशित फिल्मको कथा खोलिएको छैन तर फिल्म कमेडीमा छ। दीपकराज गिरी, दीपाश्री निरौला, केदार घिमिरे, निर्मल शर्मालगायतको समूहद्वारा निर्मित फिल्ममा दीपकराज गिरी, वर्षा शिवाकोटी, केदार घिमिरे, दीपाश्री निरौला, आर्यन सिग्देल, निर्मल शर्मा, तेज गिरी, मेक्सम गौडेल, सूरवीर पण्डित, रामेश्वर केसीलगायतले अभिनय गरेका छन्। फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, हरि हुमागाईंको छायांकन निर्देशन, उत्तम हुमागाईंको छायांकन र विपीन मल्लको सम्पादन रहेको छ।

ज्वाइँसाप पनि कमेडी जनरामा छ। यो फिल्ममा छक्का पञ्जा सिरिजकै मन पराइएका कलाकारमध्येका एक जितु नेपाल प्रमुख भूमिकामा छन्। आपसी असमझदारीका कारण छक्का पञ्जा सिरजबाट छुटेकै कारण उनको प्रमुख भूमिका भएको यो फिल्म पनि छक्का पञ्जासँगै ल्याउन लागिएको चर्चा छ। तर, दुवै टिमले यी कुरालाई नकारेका छन्। दुई प्रमुख कलाकार जितु नेपाल र नीति शाहको कमेस्ट्रीलाई लिएर समेत चर्चामा रहेको फिल्मको नामका कारण मुन्द्रेका नाममा चिनिएका जितुलाई यो फिल्मपछि दर्शक तथा साथीभाइले ज्वाइँसाब भनेर बोलाउन थालेका छन्। जितु र रजतपटमा नवकलाकारका रूपमा देखापरेकी नीति शाहको केमेस्ट्रीलाई कसम बत्तीको सार्वजनिक भएपछि रूचाइएको छ।



मौसम फिल्म्स्को सहकार्यमा रेड आई फिल्म्स्को ब्यानरमा सौगात पण्डित र पदमलाल तामाङद्वारा निर्मित तथा राजकुमार पण्डितद्वारा प्रस्तुत फिल्ममा जितु र नीतिसँगै रमेश बुढाथोकी, बुद्धि तामाङ, हिमेश पन्त, निमा पाण्डे, शिशिर वाङ्‌देल, कविता आले, दीपक आचार्य, कमलमणि नेपाल, प्रकाश घिमिरे, सीपी पौडेल, दीपक अधिकारी, राजकुमार पण्डित, राजेन्द्र नेपाली, विश्व मुखिया, सुमन राई, रोशन नेपाल, सुनील तामाङ, नवीन काफ्ले, शिवु पाण्डेलगायत कलाकारले अभिनय गरेका छन्।



विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा अर्जुन पोखरेल र महेश ताम्राकारको संगीत, सञ्जय थापाको द्वन्द्व निर्देशन, श्याम तामाङको छायांकन र सन्देश शाहको सम्पादन रहेको छ। सामाजिक सञ्जाल टिकटकमा यो गीतको चर्चा व्यापक छ। फिल्म निर्माण समूहले जितु र नीतिलाई बेहुला-बेहुलीको गेटअपमा प्रस्तुत गर्दा फिल्मले राम्रै चर्चा पाएको छ। फिल्म वसन्त निरौलाले निर्देशन गरेका छन्।

त्यस्तै, १२ गाउँ एक्सन-थ्रिलर कथामा बनेको छ। एक्सन अभिनेता विराज भट्टको निर्माण र निर्देशनमा बनेको फिल्ममा विराज पुत्र समीर भट्टले डेब्यु गरेका छन्। उनका साथमा न्यान्सी खड्का, सनिशा मुरलीधर, कनिज कोइराला, नरेन खड्का, दिया मास्केलगायतले यसमा अभिनय गरेका छन्। दुई कमेडी फिल्मको बीचमा यो एक्सन फिल्म दशैंका दर्शकका लागि फरक स्वाद हुन सक्छ।

दशैंमा आउन लागेका यी सबै फिल्म २ र ३ करोड रूपियाँ माथिका छन्। सबै फिल्मको लगानी कूल १२ करोड माथि छ। कुनै पनि फिल्मले व्यापार गर्दा त्यसले संकलन गरेको कूल रकमबाट बढीमा केवल ३३ प्रतिशत रकम मात्र निर्माताको हातमा पर्छ। किनभने ५० प्रतिशत रकम हलले लैजान्छ भने वितरकले १५ प्रतिशतसम्म लिन्छन्। प्रचार-प्रसारको जिम्मेवारी पनि निर्माताकै भारमा पर्छ। यसरी निर्माताको भागमा कूल संकलित रकमबाट बढीमा केवल ३३ प्रतिशत पर्न जान्छ। यस हिसाबले यो १२ करोडमाथिको लगानी उठाउनु निर्माताका लागि सफलता र चुनौतीका विषय बन्न जान्छ।

चार फिल्मकै निर्माताहरू आफ्नो फिल्मले गतिलो व्यापर गर्नेमा विश्वस्त छन्। तर, कुन फिल्मलाई माथि लाने वा व्यापारिक रूपमा सफल बनाउने भन्ने विषयचाहिँ दर्शकमा मात्र निहित छ।

तुकुनको मुकुन मन पऱ्यो

विपीन र पूजालाई

अभिनेता विपीन कार्कीले दोहोरो भूमिकामा अभिनय गरेको फिल्म तेल भिसामा समावेश गीत तुकुनको मुकुन मन पऱ्यो सार्वजनिक गरिएको छ। गीत ओएसआर डिजिटल युट्युब च्यानलबाट बिहीबार सार्वजनिक गरिएको हो।

गीतको भिडियोमा विपीन कार्कीका साथमा पूजा लामा, बुद्धि तामाङ र जाहन्वी बस्नेतलाई प्रस्तुत गरिएको छ। कृष्ण भारद्वाजको संगीत रहेको गीतमा राजन इशानको एरेन्जमेन्ट, निर्विकल्पम, कृष्ण भारद्वाज, शंकर अधिकारी घायल र नवीन विकको शब्द रचना, शान्तिश्री परियार र साइराज खत्रीको स्वर तथा रामजी लामिछानेको कोरियोग्राफी रहेको छ। शंकर घिमिरेको लेखन तथा निर्देशनमा निर्माणाधीन फिल्ममा विपीन कार्की वृद्ध र जवान गरी दोहोरो भूमिकामा प्रस्तुत भएका छन्। आगामी मंसिर ७ गते रिलिजमा आउने फिल्ममा विपीनका साथमा वर्षा राउत, पूजा लामा, ऋचा घिमिरे, बुद्धि तामाङ, प्रेम पाण्डे, अनिल पाण्डे, सुचित्रा उप्रेतीलगायतका कलाकारले अभिनय गरेका छन्।

वेलडन क्रियसनको ब्यानरमा नायिका ऋचा घिमिरेद्वारा प्रस्तुत तथा अनिल पाण्डे र शिवराज कार्कीद्वारा निर्मित फिल्ममा रामजी लामिछाने र शिशिर खातीको कोरियोग्राफी, आशिष अविरल, कल्याण सिंह र कृष्ण भारद्वाजको संगीत, सुशन प्रजापतिको छायांकन र अजय खड्काको सम्पादन रहेको छ।

पिताको बिडो थाम्दै

अनमोल केसी

रश्मी थापा

चकलेटी नायक अनमोल केसी युवा पुस्तामाझ निकै लोकप्रिय छन्। ३० वर्षका अनमोल सुपरस्टार भुवन केसी र अभिनेत्री सुस्मिता केसीका छोरा हुन्। उनी अहिले आफैं सुपरस्टार बनेर भुवनको बाटो पछ्याइरहेका छन्।

अनमोल स्वयं सुपरस्टार हुनुअघि उनलाई सुपरस्टार किङ भन्ने गरिन्थ्यो भने अहिले भुवनलाई सुपरस्टारका पिता भन्ने गरिन्छ। सुपरस्टार तथा निर्माता र निर्देशक पिता भुवनको बिडो थामेर पाएको सफलताका कारण उनलाई यसो भन्ने गरिएको हो।

- अनमोलको रूचि गायनमा थियो। उनले स्कुल पढ्दा आफ्ना साथीहरूसँग मिलेर ब्यान्ड नै स्थापना गरेका थिए। अनमोल स्कुल पढ्दा पढाइमा भन्दा पनि म्युजिक, स्पोर्ट्सजस्ता अतिरिक्त क्रियाकलापमा बढी रूचि राख्थे।
- आफ्नै बुबा भुवन केसी र आमा सुस्मिता केसीको फिल्म सुपरस्टारमा बाल कलाकारका रूपमा अभिनय गरेका उनले फिल्म साथी म तिम्रोको एक गीतमा अभिनय गरेका थिए।
- फिल्म होस्टेलबाट भने उनले नायकका रूपमा डेब्यु गरेका थिए। त्यसपछि उनका ड्रिम्स, गाजलु, कृ, ए मेरो हजुर-३ जस्ता फिल्म हिट रहे, फिल्म छड्केबाट भने उनले असफलता बेहोरेका थिए। पछिल्लोपटक रिलिज भएको उनको फिल्म फर्की फर्कीले पनि दर्शकलाई सोचेजस्तो आकर्षित गर्न सकेन।
- अनमोलले शुभतारा, ज्ञानोदय, सेन्ट जेभियर्सजस्ता धेरै स्कुल फेरे। उनलाई नजिकका साथीहरूले केसु, केसी भनेर बोलाउँछन् भने परिवारमा अनु, अमु भनेर बोलाइन्छ।
- अनमोलले कोभिड-१९ को महामारीको फुर्सदका बेला नेपाली भाषा सुधार गर्नका लागि वर्णमाला किनेरै क, ख, ग, घ, क का, कि की पढेका थिए। फिल्मका स्क्रिप्ट नेपालीमा हुने हुँदा पढ्न गाह्रो भएपछि उनले यो जुक्ति लगाएका थिए।
- सबैभन्दा बढी पारिश्रमिक लिने नेपाली नायकमध्ये अनमोल एक हुन्। फिल्म छड्केमा उनले ५० लाख पारिश्रमिक लिएको हल्ला थियो। फिल्म फर्की फर्कीका लागि उनले ५० लाख पारिश्रमिक लिएका थिए भने केही समयअघि उनले पारिश्रमिकको करस्वरूप ७ लाखसमेत तिरेका थिए। उनले कृमा ३० लाख रूपियाँ लिएको बताइन्छ।
- अनमोल भगवान् कृष्णका भक्त हुन्। उनी सुटिङबाट फुर्सद भएको समयमा कृष्णको भजन गाउने, मन्दिर जाने, फिल्म हेर्ने, किताब पढ्ने, स्विमिङ गर्ने, गितार बजाउने, गाउने आदि गर्छन्।
- फिल्ममा धेरै अफर आउने गरे पनि उनी वर्षमा एक वा दुई फिल्ममा मात्र काम गर्ने गर्छन्।
- अनमोललाई एकपटक प्रहरीले पक्राउ गरेको थियो। फिल्ममा अभिनय गर्नका लागि एड्भान्स लिएर काम नगरेको आरोपमा उनलाई प्रहरीले गत वर्षको असोजमा भक्तपुरको साँगाबाट पक्राउ गरेको थियो।



स्त्री–२ ले बढायो श्रद्धाको लोकप्रियता

बलिउड अभिनेत्री श्रद्धा कपुरको लोकप्रियता दिनानुदिन बढ्दो छ।

उनीद्वारा अभिनित ब्लकबस्टर फिल्म स्त्री–२ का कारण हाल उनेको कामको निकै प्रशंसा भइरहेको छ। बढ्दो लोकप्रियताको प्रभाव उनको सामाजिक सञ्जाल इन्स्टाग्राममा पनि देखिएको छ। श्रद्धा सबैभन्दा धेरै पछ्याइएको भारतीयको दोस्रो नम्बरमा परेकी छन्। उनको इन्स्टाग्राम फलोअर्स ९२ दशमलव ९ मिलियन रहेका छन्। त्यस्तै, क्रिकेटर विराट कोहोली २ सय ७१ मिलियन फलोअर्ससहित पहिलो नम्बरमा छन्। अभिनेत्री प्रियंका चोपडा भने यो लिस्टको तेस्रो नम्बरमा छिन्। प्रियंकालाई पछ्याउने ९१ दशमलव ८ मिलियन छन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी भने यो लिस्टको चौथो नम्बरमा छन्। मोदीलाई ९१ दशमलव ३ मिलियन र पाँचौं नम्बरमा रहेकी आलिया भट्टलाई ८५ दशमलव २ मिलियनले पछ्याएका छन्। त्यस्तै, छैठौं नम्बरमा परेकी कट्रिना कैफलाई ८० दशमलव ४, सातौं नम्बरमा रहेकी दीपिका पादुकोणलाई ७९ दशमलव ९ मिलियन, आठौं नम्बरकी नेहा कक्करलाई ७८ दशमलव ७ मिलियन, नवौं नम्बरकी उर्वशी रौतेलालाई ७० मिलियन र दशौं नम्बरमा परेकी ज्याकलिन फर्नान्डिजलाई ७० दशमलव ५ मिलियनले फलो गरेका छन्।

अमर कौशिकद्वारा निर्देशित हरर कमेडी फिल्म स्त्री–२ हाल दोस्रो सातामा चलिरहेको छ। यो भारतमा दोस्रो सातामा सर्वाधिक कमाई गर्ने पहिलो फिल्म बनेको छ। कूल ५० करोडको लगानीमा निर्मित यस फिल्मले रिलिजको पहिलो दिन नै आफ्नो लगानी सुरक्षित गरेको थियो। यसले विश्वभरि ५ सय ४० करोड कमाइ गरिसकेको छ। फिल्मका अन्य कलाकारमा राजकुमार राव, अभिषेक बनर्जी, पंकज त्रिपाठीलगायतले अभिनय गरेका छन्।

यौन आरोपपछि ब्यान्डबाट हटाइए दक्षिण कोरियाली गायक

दक्षिण कोरियाली गायक ताएइललाई यौन अपराधको आरोप लागेपछि विश्व चर्चित के–पप ब्यान्ड एनसीटी (नियो कल्चर टेक्नोलोजी) ले समूहबाट हटाएको छ।

ताएइलको एजेन्सी एसएम इन्टरटेनमेन्टले एक्समा एउटा विज्ञप्ति जारी गर्दै यौन अपराधसम्बन्धी फौजदारी मुद्दामा ताएइलको नाम मुछिएका कारण एनसीटीका सदस्यले आफूलाई उनीबाट अलग्याएको विज्ञप्तिमा जनाइएको छ।

ब्यान्डले ताएइलमाथि लागेको आरोप र सो आरोपको गम्भीरतालाई ध्यानमा राख्दै ताएइलले अब सो पप समूहमा नरहने निर्णय गरेको बताइएको छ। ताएइलले भने आफूमाथि लागेको आरोपबारे सार्वजनिक रूपमा मुख खालेका छैनन्। उनको एजेन्सीले भने प्रहरी अनुसन्धानमा आफूले पूरै सघाउने र अनुसन्धानपछि आएका विवरणबारे अन्य विज्ञप्ति जारी गरिने पनि बताएको छ। ताएइलको कानुनी नाम मुन ताए–इल हो। यौन अपराधको सम्बन्धमा आफूले ताएइलमाथि अनुसन्धान गरेको सोलस्थित ब्याङबेय प्रहरी थानाले घोषणा गरेको थियो।

केपप ब्वाइज ब्यान्ड एनसीटीले सन् २०१६ मा संगीत दुनियाँमा डेब्यु गरेको थियो। जसका उपसमूहसहित दुई दर्जनभन्दा धेरै सदस्य छन्। एनसीटीका कयौं चर्चित गीत बिलबोर्डको सूचीमा पनि परेका छन्।

हलिउड बलिउड

जस्टिन र हेली बने बाबु–आमा

गायक जस्टिन बिबर र मोडल हेली बिबर पहिलो सन्तानको आमाबाबु भएका छन्।

जस्टिनले सामाजिक सञ्जाल इन्स्टाग्राममा बच्चाको खुट्टाको तस्वीर सेयर गर्दै 'ज्याक ब्लुज बिबरलाई घरमा स्वागत छ' लेखेका छन्। बियरको इमोजीसहित उनले आफ्ना फ्यानसँग आफू बाबू बनेको खुसी साटेका हुन्। हेलीले पनि इन्स्टाग्राममार्फत आफ्नो पहिलो सन्तान प्राप्ति भएको खबर सार्वजनिक गरेकी छन्। ३० वर्षीय जस्टिन र २७ वर्षीया हेलीको ६ वर्षअघि विवाह भएको थियो। गत महिना मात्र उनीहरूले आफूहरू आमा बाबु बन्न लागेको खबर सार्वजनिक गरेका थिए।

विश्वभर लोकप्रिय जस्टिन बेबी बोलको गीतबाट संगीतप्रेमीको नजरमा परेका थिए। उनको नाममा ३९ विश्व रेकर्ड छन्। सन् २०१० मा रिलिज भएको पहिलो एल्बमले नै उनलाई पप किङ र पप आइडलजस्ता उपाधि दिलाएको थियो। हेल भने स्किनकेयर ब्रान्ड रोडको संस्थापक हुन्। उनले विभिन्न ब्रान्डका लागि मोडलिङ गरेकी छन्।



सेलेना कान्छी अर्बपति

विश्वचर्चित पप स्टार तथा अभिनेत्री सेलेना गोमेज अमेरिकाको कान्छी अर्बपति महिला बनेकी छन्। सौन्दर्य सामग्री उत्पादक कम्पनी द रेयर ब्युटीको संस्थापकसमेत रहेकी ३२ वर्षीया सुन्दरी सेलेनाको सम्पत्ति कूल १ दशमलव ३ बिलियन अमेरिकी डलर रहेको छ। सेलेना अर्बपतिको सूचीमा आउनुको प्रमुख स्रोत भने उनको ब्युटी ब्रान्ड हो। जुन उनले सन् २०१९ मा स्थापना गरेकी थिइन्। विश्वका ५ सय धनाढ्यको कूल सम्पत्तिको दैनिक रूपमा र्याङ्किङ गर्ने वेबसाइट ब्लुमवर्गको रिपोर्टअनुसार सेलेनाको सम्पत्तिको ८० प्रतिशत हिस्सा उनको ब्रान्डले ओगटेको छ भने बाँकी उनको गीत–संगीत र कन्सर्ट रहेको छ। तथ्याङ्क अनुसार पछिल्लो १२ महिनामा उनको ब्रान्डले ४ सय मिलियन डलरको सामान बिक्री गरेको छ ।

सन् १९९२ मा अमेरिकाको ग्रान्ड प्रेरी टेक्सासमा जन्मिएकी उनले सात वर्षको उमेरमा बाल टेलिशृंखला बार्नी एन्ड फ्रेन्ड्सबाट अभिनय यात्रा शुरू गरेकी थिइन्। किशोरावस्थामा पुगेपछि उनी विजार्डस् अव वेभर्ली प्लेस एलेक्समा रूसोको भूमिकामा अभिनय गरेर चर्चामा आएकी थिइन्। उनले टेलिभिजनका साथै एनादर सिन्ड्रेला स्टोरी, रमोन एन्ड बिजस, स्प्रिङ ब्रेकर्स, द डेड डोन्ड डाई, अ रेनी डे इन न्युयोर्कजस्ता फिल्ममा अभिनय गरेकी छन्। सेलेना सामाजिक सञ्जाल इन्स्टाग्राममा दश मिलियन फलोअर्स कमाउने पहिलो सेलिब्रेटी हुन्।

रणवीर र दीपिका पनि बने बाबु–आमा

बलिउड अभिनेता रणवीर सिंह र अभिनेत्री दीपिका पादुकोण बाबु–आमा बनेका छन्।

दीपिकाले मुम्बईको गुरगाउँ क्षेत्रस्थित एचएन रिलायन्स अस्पतालमा हालै पहिलो सन्तानका रूपमा छोरीलाई जन्म दिएकी हुन्। गत फेब्रुअरीमा आफू गर्भवती रहेको घोषणा गरेकी उनी सन्तानलाई जन्म दिनु एक दिनअघि गणेश चतुर्थीको दिन सिद्धिविनायक मन्दिर पुगेकी थिइन्।

दीपिकाले केही दिनअघि पतिको साथ म्याटरनिटी फोटोसुट गराएकी थिइन्। सो फोटोको चर्चा सामाजिक सञ्जालमा सेलाउन नपाउँदै उनले आफ्ना फ्यानहरूलाई खुसीको खबर दिएकी हुन्। दीपिका र रणवीर सन् २०१३ मा फिल्म गोलियोंकी रासलीला : रामलीला फिल्मको सेटबाट नजिकिएका थिए भने सन् २०१८ मा प्रेमलाई विवाहमा परिणत गरेका थिए।



फ्रान्स र स्पेनको मेलामा
मन जित्यो नेपालको नृत्यले

विभिन्न देशमा पुगेर सांस्कृतिक आदान-प्रदान गर्दै नेपाललाई विश्वसामु परिचित गराउँदै आइरहेको एभरेस्ट नेपाल कल्चरल ग्रुप यस पटक फ्रान्स र स्पेनका विभिन्न शहरमा नेपालको गौरवमय सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेको छ।

ग्रुपका कलाकारहरूले फ्रान्सको क्यासत्रेस, सैन्त गिरोन्स, सैन्त जुलिएन, विक सुर केरे र डक्स तथा स्पेनको लेस प्रेसेस र बार्सिलोनामा आयोजित अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामा नेपालको तर्फबाट सानदार प्रस्तुति प्रस्तुत गरेर विश्वका संस्कृतिप्रेमीहरूलाई मोहित तुल्याए। फ्रान्स र स्पेनका विभिन्न शहरमा आयोजित अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामा नेपालसहित विश्वका ४५ देशका २ हजारभन्दा बढी कलाकार सहभागी थिए। मेला फ्रान्सका विभिन्न शहरमा अगस्ट ३ देखि १८ तारिकसम्म र स्पेनमा अगस्ट १९ देखि ३१ तारिकसम्म चलेको थियो।

एभरेस्ट नेपाल कल्चरल ग्रुपका प्रमुख आरसी कोइराला 'रामचन्द्र' को नेतृत्व तथा निर्देशक शीतल आचार्य 'सीता' को निर्देशनमा सहभागी नेपाली टोलीका कलाकारलाई नृत्य निर्देशक जोगेन्द्र केसीले नृत्य निर्देशन गरेका थिए।

सबै शहरमा आयोजित मेलामा नेपाली कलाकारको टोलीले नेपालको परम्परागत लोक संस्कृति झल्काउने नृत्य प्रस्तुत गरेको थियो। मेलामा नेपालको तर्फबाट झ्याउरे, तामाङ, मारुनी, थाली, सतार, धिमाल, सेब्रु, काल भैरव, बज्रपानी, लाखे, यति, सोरठीका साथै दर्जनौं नृत्य प्रदर्शन गरिएको थियो।

मेलामा वाद्यवादक धनेश्वर तिवारी, गायक रामप्रसाद पाण्डे, सपना महर्जन, उत्तम शर्मा, प्रमिला रिजाल, सूदनमान मुनिकार, कृष्ण रसाल, चूडामणि फुयाँल, शर्मिला तमाङ, चाहना राना मगर, अनिशा श्रेष्ठ, रमेशप्रसाद पौडेल, डीपी कोइराला, ग्रुपका प्रवक्ता प्रदीप तिमिल्सिना तथा बाल कलाकार सिराज कोइराला सहभागी थिए।

करिब एक महिनासम्म चलेको मेलामा विभिन्न देशबाट सहभागी ३ देखि ७० वर्षसम्मका कलाकारलाई नृत्य निर्देशक तथा नृत्य कलाकार जोगेन्द्र केसीले नेपाली नृत्य सिकाएका थिए। फ्रान्सको डक्स शहरमा सम्पन्न सांस्कृतिक झांकीमा ४० हजारभन्दा बढी दर्शकले नेपालको झाँकीलाई उत्कृष्ट भनेका थिए र झाँकीमा यति र लाखेसँग तस्वीर लिन तँछाड मछाड नै चलेको ग्रुपका अध्यक्ष कोइरालाले जानकारी गराए।

सो अवसरमा ग्रुपका निर्देशक शीतल आचार्यले दुवै देशका सम्बन्धित नगरपालिका प्रमुख, सहभागी तथा आयोजकलाई भेटी नेपालमा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने बारे जानकारी गराएका थिए।

ग्रुपका अध्यक्ष रामचन्द्रले नेपालीको प्रतिनिधित्व गर्दै नेपाली संस्कृतिमार्फत विश्वभर राजदूतको काम गर्ने कलाकार तथा संस्थालाई राज्यले बेवास्ता गरेकोमा दुःख व्यक्त गरे। 'कतिपय राष्ट्रका नागरिकलाई नेपाल कहाँ पर्छ, सगरमाथा (एभरेस्ट) को नाम सुनेका छन् तर कहाँ छ थाहा छैन, गौतम बुद्ध कहाँ जन्मेका हुन् भन्नेसम्म थाहा छैन। नेपाल र नेपालीको प्रतिनिधित्व गर्दै नेपाली संस्कृतिमार्फत विश्वभर राजदूतको काम गर्ने कलाकार तथा संस्थालाई राज्यले बेवास्ता गर्दा दुःख लाग्छ। कला संस्कृतिको प्रवर्द्धन तथा संवर्द्धन गर्ने कलाकार राष्ट्रको सम्पत्ति हुन भन्ने कुरा राज्यले बुझ्नु जरूर छ ।' -कोइराला भन्छन्।

हृदयविदारक दुर्घटनाको सजीव सिनेमा

टाइटानिक

रश्मी थापा

जेम्स क्यामरूनको सर्वाधिक हिट फिल्म टाइटानिक सन् १९९५ मा रिलिज भएको थियो। जुन अहिलेसम्मको सबैभन्दा धेरै कमाउने फिल्मको सूचीमा तेस्रो नम्बरमा छ। टाइटानिक पानी जहाज इंग्ल्यान्डको साउथ ह्याम्टनबाट अमेरिकाको न्युयोर्कको यात्रा गर्ने क्रममा विशाल हिम पहाडमा ठोक्किएर दुर्घटना भएको थियो। सामुद्रिक इतिहासमै सबैभन्दा भयानक दुर्घटना मानिने टाइटानिक जहाज दुर्घटना सन् १९१२ मा भएको थियो। जसमा सवार २ हजार २ सय २४ यात्रीमध्ये १ हजार ५ सय १७ को मृत्यु भएको थियो। सो घटनामा आधारित फिल्मको मुख्य पात्रमा लियोनार्दो डिकाप्रियो ज्याक र केट विन्सलेट रोजले अभिनय गरेका छन्। उनीहरूको प्रेमकथा काल्पनिक भए पनि त्यहांका धेरैजसो पात्र र घटना भने वास्तविकतामा आधारित छन्। फिल्म र दुर्घटनाबारे केही रोचक प्रसङ्ग :

टाइटानिक जहाज बनाउन त्यति बेला ७ दशमलव ९ मिलियन अमेरिकी डलर खर्च लागेको थियो। जुन आजको प्राइस भ्यालु अनुसार १ सय ९० मिलियन डलर थियो। त्योभन्दा धेरै खर्च जेम्स क्यामरूनले फिल्म टाइटानिक बनाउन खर्च गरेका थिए। त्यसको लागत २ सय मिलियन डलर थियो।

- अभिनेत्री केट विन्सलेटले निर्देशक जेम्स क्यामरूनले आफूलाई फिल्ममा मुख्य भूमिकामा अफर गरेपछि एउटा गुलाबको फूल र एउटा नोटमा 'म तयार छु' लेखेर पठाएकी थिइन्।
- टाइटानिक फिल्मको सबैभन्दा हृदयविदारक दृश्यमध्ये एक जहाज डुबिरहंदा पनि म्युजिक ब्यान्डका सदस्यले निरन्तर संगीत बजाइरहेको दृश्य थियो। वास्तवमै पनि जहाज दुर्घटना हुंदा सो समयमा त्यहाँ त्यस्तै संगीत गुञ्जिरहेको थियो।
- सो दुर्घटनामा एक सेफ पनि बाँचेका थिए। उनले जहाज डुब्नुअघि निकै रक्सी पिएका थिए। जहाज डुब्न थालेपछि जसरी पनि मर्ने त हो भन्दै उनले पिउने क्रम जारी राखेका थिए। उनी समुद्रमा खसेपछि अत्यधिक रक्सी पिएका कारण उनको शरीरको तापक्रम धेरै घट्न नपाएकाले उनको ज्यान बचेको मानिन्छ।
- टाइटानिकमा मासाबुमी होसोनोनामक एकमात्र जापानी यात्री थिए। जो दुर्घटनामा बच्न सफल भएका थिए। सरकारी जागिरे उनी जापान फर्केपछि उनको जागिर खोसियो। उनलाई स्वार्थीपन देखाएर आफूमात्र जहाज छाडेर भागेको भन्दै त्यहांका सञ्चारमाध्यम र सर्वसाधरणदेखि सरकारले पनि कायर र स्वार्थीको संज्ञा दिएको थियो। निकै हेलापूर्वक जीवनयापन गरेका उनको सन् १९८० मा मृत्यु भएको थियो।
- टाइटनिकको पहिलो प्रिमियर सन् १९९७ नोभेम्बर १ मा जापानको टोकियोमा आयोजित टोकियो फिल्म फेस्टिभलमा भएको थियो। यो फिल्म त्यति बेला जापानी इतिहासमै सर्वाधिक कमाइ गर्ने फिल्म बनेको थियो।
- ऐतिहासिक दृश्य र शाही सजावट गरिएको फिल्ममा केट फस्ट क्लास टिकट खरिद गर्ने यात्री थिइन्। फिल्ममा डाइनिङ रूमको सिन खिच्ने बेलामा उनले संसारकै सबैभन्दा महँगो खानेकुरा मानिने बेलुगा क्याभिएर खाएकी थिइन्। जुन एक प्रकारको माछाको अण्डा हो र यसको मूल्य प्रतिकेजी ५ हजारदेखि १० हजार डलरसम्म पर्न गर्छ।
- टाइटनिक सन् १९९८ को ओस्कार एकेडेमी अवार्डमा १४ विधाको ओस्कार नोमिनेसनमा परेको थियो भने ११ अवार्ड चुम्न सफल भएको थियो।
- अभिनेता लियोनार्दो डिकाप्रियो सन् १९९७ मा फिल्म टाइटनिकमार्फत सुपरस्टार बनिसकेका थिए। उनकी प्रेमिका भिट्टोरिया सेरेटी त्यसको एक वर्षपछि जन्मिएकी थिइन्। उनीहरूको उमेर अन्तर २३ वर्ष रहेको छ।
- एकपछि अर्को गर्दै डिकाप्रियोको करिब दुई दर्जन युवतीका साथ प्रेम सम्बन्ध भएको चर्चा चलेको छ। जसमा पपस्टार रिहाना, मोडल गिगी हदिद आदि रहेका छन्।
- अभिनेता लियानार्दो डिकाप्रिओ र अभिनेत्री केट विन्सलेट टाइटनिक रिलिज हुंदा केवल २२ वर्षका थिए। हाल उनीहरु ४८ वर्षका भए।

अनिशा कम्बोडियाको मिस प्लानेटमा

कम्बोडियामा आयोजना हुने मिस प्लानेट–२०२४ मा यस वर्ष नेपालको प्रतिनिधित्व अनिशा पराजुलीले गर्ने भएकी छन्।

आगामी नोभेम्बर १९ देखि २७ सम्म आयोजना हुने प्रतियोगिताका लागि उनी १८ नोभेम्बरमा कम्बोडिया उड्नेछिन्। उनी प्रतियोगिताका लागि यति बेला विभिन्न प्रशिक्षण लिइरहेकी छन्। प्रतियोगितामा उनी नेसनल कस्ट्युम बुद्धको थिममा बनाउने सोचमा छिन्। कम्बोडियामा बौद्ध धर्मालम्बी धेरै भएकाले आफूले यो सोच बनाएको अनिशाले बताएकी छन्। 'नेपालको नाम विश्वमा चिनाउने यो एउटा अवसर भएकाले त्यो अवसरको भरपुर फाइदा उठाउने सोच छ ।' –उनी भन्छिन्।

मिस प्लानेटको यो वर्षको थिम दिगो विकास सँगसँगै मेन्टल हेल्थ अवरनेस रहेको छ। प्रतियोगितामा उनलाई नेक्स्ट मोडल्स नेपालले पठाउन लागेको हो। वीर नर्सिङ क्याम्पसमा मास्टर अध्ययनरत अनिशा पेशाले मनोचिकित्सा नर्स भएकाले पनि उनले राम्रो उपलब्धि हासिल गर्न सक्ने आशा व्यक्त गरिएको छ।

अनिशा केही अघि काठमाडौंमा सम्पन्न नर्सहरू सहभागी सौन्दर्य प्रतियोगिता मिस नेपाल पिसको फस्ट रनर्सअप विजेता हुन्। मिस नेपाल पिसमा विजेता बनेको कारण नै उनले मिस प्लानेट–२०२४ मा सहभागी हुने अवसर प्राप्त गरेकी हुन्।

सुगम र अञ्जुको इन्द्रेणी

गायक-गायिका सुगम पोखरेल र अञ्जु पन्तको स्वरमा नयाँ प्रेमिल गीत इन्द्रेणी सार्वजनिक गरिएको छ।

आईएम इन्टरटेन्मेन्ट युट्युब च्यानलबाट सार्वजनिक गीत जति सुमधुर अनि प्रेमिल छ, गीतको भिडियो उति नै रोमान्टिक छ। भिडियोमा माया सुवेदी र इन्द्र सापकोटा फिचर्ड छन्। यी दुईको प्रेम अनि रोमान्सलाई भिडियोमा प्रस्तुत गरिएको छ। भिडियोमा देखाइएको सुन्दर लोकेसन र दृश्यले भिडियोलाई झनै आकर्षक बनाएको छ।

सार्वजनिक गीतमा विष्णु भण्डारीको शब्द रचना र सरोज पोखरेलको संगीत, उदयराज पौडेलको एरेन्जमेन्ट, किशोर थापाको मिक्सिङ र मास्टरिङ, राजीव समरको कोरियोग्राफी, पवन सुस्लिङको छायांकन तथा सुप्रिम पराजुलीले सम्पादन र कलर ग्रेडिङ रहेको छ।

समीक्षाको स्वरमा के हेरेको टुलुटुलु

गायिका समीक्षा अधिकारीद्वारा स्वरबद्ध गीत के हेरेको टुलुटुलुको भिडियो सार्वजनिक गरिएको छ।

गीतमा नेत्र अर्यालको शब्द रचना, खेम सेञ्चुरीको संगीत र श्यामश्वेत रसाइलीको एरेन्जमेन्ट रहेको छ। गायिका अधिकारीको युट्युब च्यानलबाट सार्वजनिक गीतको भिडियोमा सलोन बस्नेत, नाजिर हुसेन र आश्मा विश्वकर्मा फिचर्ड छन्। भिडियोमा एक युवतीको प्रेम पाउन दुई युवाले गरेको संघर्ष देखाइएको छ। भिडियोमा तीनैजना कलाकारलाई रोमान्टिक भावमा देखाइएको छ। रोमान्टिक भावको गीतको भिडियोमा गायिका समीक्षा पनि फिचर्ड छिन्।

गम्भीर विष्टको निर्देशन रहेको भिडियोमा मनिक पाख्रिनको कला निर्देशन र शुभम् भुजेलको कोरियोग्राफी रहेको छ।

कुनै दिन अवश्य पाउनेछौ भन्दै फर्किए योगेश्वर

जब सन्ध्या हुन्छ, लैजा चरी मेरो खबर, मलाई दिसकेको दिलजस्ता गीतमार्फत नेपाली गीत-संगीतप्रेमीको मनमा बस्न सफल गायक योगेश्वर अमात्य करिब एक दशकपछि गायनमा फर्किएका छन्। कुनै दिन अवश्य पाउनेछौ बोलको गीतको साथमा संगीतमा उनको पुनरागमन भएको हो। तीन दशकअघि गायक सालमै ओम विक्रम विष्टको स्वरमा रेकर्ड भएको सो गीत सार्वजनिक भने गरिएको थिएन। सोही गीतलाई पुनः एरेन्ज गर्दै योगेश्वरले आफ्नो स्वरमा रे कर्ड गरेर हालै म्युजिक भिडियोसहित सार्वजनिक गरेका हुन्।

गीतमा सरोज बास्तोलाको रचना र ओमविक्रम विष्टको संगीत छ। गीतमाथि निर्मित भिडियोमा सुव्रतराज आचार्यको निर्देशन र परिकलपना रहेको छ भने गोपाल रसाइली, सञ्जीव बराइली वसन्त सुनाम, प्रविन खतिवडा, विकास लामिछाने र करूणा श्रेष्ठको अभिनय रहेको छ। उत्सव दाहालको छायांकन रहेको भिडियोमा विकास दाहालको सम्पादन रहेको छ। भिडियो योगेश्वर अमात्य युट्युब च्यानलबाट रिलिज गरिएको छ।

म्युजिक ग्यालरी

कर्णराजको आगो लगाइदिन्छु

गायक कर्णराज गिरीले आगो लगाइदिन्छु बोलको नयाँ गीत भिडियोसहित सार्वजनिक गरेका छन्। गायक गिरीले यो गीत आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेका हुन्।

गीतमा रचना र संगीत पनि गायक गिरीकै छ। गीतको भिडियोमा राहुल शाह, अलिशा शर्मा र निरञ्जन मगरले अभिनय र नृत्य गरेका छन्। भिडियोमा सम्राट सुनुवार, रोहित शाह, दिव्यंश सापकोटा र काजल पनि छन्। राहुल शाहको कोरियोग्राफी र निर्देशन रहेको भिडियोमा छायांकन पवन सुस्लिङको छ।

भिडियोमा तिम्रै नाम जप्न पाउँ

गीतकार हरिभक्त बुढाथोकीको गीत तिम्रै नाम जप्न पाउँ सार्वजनिक गरिएको छ।

सार्वजनिक गीतमा टेक बिसी र जुनु गौतमको स्वर तथा भीम बिसीको संगीत रहेको छ। विक्रम चौहानको निर्देशन एवं कोरियोग्राफी रहेको गीतको भिडियोमा टेक बिसी र रस्मिता तामाङलाई फिचरिङ गरिएको छ। गीत आफूले माया गरेको प्रेमीलाई समर्पित गरिएको छ। सधैंभरि यसै गरी तिम्रै हुन पाउँ, मरी गए यो जीवन तिम्रै नाम गर्न पाउँ गीतमा भनिएको छ।

प्रकाश खड्का र टिमको छायांकन रहेको भिडियो बी-स्टार फिल्म्सले सम्पादन गरेको हो।

तिमीले गाउने गीत मसँगै गाउनु है
तिमीले लाउने प्रित मसँगै लाउनु है
तिमीलाई चोट लाग्दा मलाई पनि दुखेको छ
तिम्रो सामु सबै आँसु पलभरमै सुकेको छ
यो मनले चाहेको कुरा तिमीभित्रै पाए मैले
तिम्रै भरमा बाँचेको छु
छाडी नजानू है कहिले।
गीतले भन्छ।

करणले ब्रेकअपमा लेखेको गीत गाउन नसके पछि गाए राजेशपायलले

द भ्वाइस अफ नेपाल सिजन ४ का विजेता गायक करण राईको शब्द रचनामा लोकप्रिय गायक राजेशपायल राईले गाएको गीत मैले माया गरेको मान्छे सार्वजनिक गरिएको छ।

करण राई युट्युब च्यानलबाट सार्वजनिक गीतमा करणकै शब्द रचना, राजेशपायलको स्वर र महेन्द्र राईको संगीत रहेको छ। गीतमा राजेशपायललाई गायिका दीपा तामाङले साथ दिएकी छिन्।

करणको वास्तविक प्रेम कहानी जोडिएको गीतमा राजेशपायलले गाउनुको कारण भने रोचक रहेको रहेछ। 'आफ्नो जिवनसंग जोडिएको गीत गाउन मैले सकिनँ, त्यही कारण राजेशपायल दाइलाई गाउने जिम्मा दिएको हुँ' करणले प्रेमिकासंगको ब्रेकअपपछि बेलुकी रुँदै गीत लेखेको जनाउँदै भने।

नेपाली गायक–गायिकाले

गाए हिन्दी गीत

रश्मी थापा

नेपाली गीत गाउने भारतीय गायक–गायिकाको लिस्ट त लामै छ। तर, हिन्दी गीत गाउने नेपाली गायक–गायिका पनि कम छैनन्। पछिल्लो समय युट्युबलगायत सामाजिक सञ्जाल र भ्युजका कारण नेपाली गायक–गायिकाले हिन्दी गीत गाउन थालेका छन्। उनीहरूको हिन्दी गीत गायनले कलाकारले भाषा, भूगोल र संस्कृतिलाई छेक्न नसक्ने पुष्टि गरेको छ।

आनन्द कार्कीको

महेकिसी हवाएँ

गायक आनन्द कार्कीले टिसिरिजको सहकार्यमा एक एल्बमका लागि महेकिसी हवाएँ बोलको हिन्दी गीत गाएका थिए। दुई दशकअघि कार्कीले गाएको सो गीतमा रवि बस्नेतको शब्द रहेको छ भने आनन्दकै संगीत रहेको छ। हुन त उनले हिन्दी गीत गजलबाटै गीत गायनको शुरुआत गरेका थिए। त्यस कारण आनन्द पहिले नै भारतीय दर्शकमाझ लोकप्रिय थिए। आनन्दले नाना पाकेटरको २० रुपियाँ नामक फिल्मका लागि बेहती जाऐ ऐ जीवनकी धारा बोलको पार्श्व गीत गाएका थिए। तर, सो फिल्म कारणबस रिलिज भएन।

आनन्द कार्की र मिलन नेवारको

कभी मेरे दिलसे

गायक आनन्द कार्की र गायिका मिलन नेवारले युगल स्वरमा मेरे दिलसे बोलको हिन्दी गीत गाएका छन्। दुई महिनाअघि सार्वजनिक गीतमा आनन्दको साथमा मिलन नेवारको स्वर र आनन्दकै शब्द अनि संगीत रहेको छ। प्रेम र रोमान्सले भरिएको यो मन छुने गीतको भिडियोमा आनन्दको स्वर निकै सुहाएको छ। हिन्दी गीत गाउने आफ्नो शोख भएको र हिन्दीमा पनि सुहाएको तथा अहिले युट्युबद्वारा आफ्नो प्रतिभा देखाउने र मार्केटको माग पनि भएकाले फेरि हिन्दी गीत निकालेको आनन्द बताउँछन्।

देविका बन्दनाको

बस तेरा नाम

गायिका देविका बन्दनाको स्वर तथा युग भुसालको शब्द र संगीतको गीत बस तेरा नाम भारतको प्रतष्ठित जी म्युजिकले उत्पादन गरेको थियो। नेपाललाई संगीतमार्फत विदेशमा चिनाउने हेतुले सो गीत गाएकी देविकाको गीत सार्वजनिक भएपछि उनको चर्चा नेपालमा मात्र नभई भारतमा समेत चुलिएको छ। देविका बन्दनालाई जी म्युजिकले मुम्बईमै बोलाएर उक्त गीत रेकर्ड गराएको थियो। गीतमा गायिका बन्दनालाई बलिउडका गायक कुनाल गञ्जावालाले साथ दिएका थिए। गीतमा कान्छाले कान्छीलाई हेर बोलायो, सुशेली हालेर लैबरी लैबरी लैजस्ता नेपाली शब्दसमेत प्रयोग गरिएको छ।

देविका बन्दनाकै

अब दिल जरा

गायिका देविका बन्दनाको दोस्रो हिन्दी गीत अब दिल जरा थियो। युग भुसालको शब्द र संगीतमा बनेको यो गीतमा गायिका बन्दनाको एकल गायन रहेको छ। गीतको भिडियोमा नेपाली मोडल तथा नायक अनुपविक्रम शाही र भारतीय मोडल पारूल गुलाटी तथा फोटोग्राफर राजुभाइ सुवालले अभिनय गरेका छन्।

अञ्जु पन्तको

जिन्दगीके राहोमें

गायिका अञ्जु पन्तको स्वर र गायक तथा संगीतकार नागेन्द्र श्रेष्ठको संगीत रहेको हिन्दी गीत जिन्दगीके राहोमे दश महिनाअघि सार्वजनिक भएको थियो। गीतमा शब्द रचना आयुषमानको रहेको छ। पर्यटकीयस्थल खप्तडमा छायांकन गरिएको भिडियोमा एक प्रेमिल जोडीको रोमान्टिक प्रेमको रमाइलो किस्सा देखाइएको छ। गीतको भिडियोमा मिसेल घिमिरे र आरके परियारले अभिनय गरेका छन्। यो गीतले पनि हिन्दी गीतका दर्शकलाई नेपालको सुन्दरता पस्कन्छ।



एसटी म्यान, लिल झोला, यङ २२ र लिल नोर्जाको

इन्डिया

एसटी म्यान, लिल झोला, यङ २२ र लिल नोर्जाले करिब एक महिनाअघि इन्डिया टँइटलमा न्याप शैलीमा हिन्दी गीत सार्वजनिक गरे। जसको युट्युब भ्युज ७ दशमलव ५ मिलियन रहेको छ। भारतमा पनि चर्चा भइरहेको यो गीतमाथि कयौं भारतीय युट्युबरले रियाक्सन भिडियो बनाएका छन्। एसटी म्यान र यङ २२ ले कम्पोज गरेको सो गीतको भिडियोमा एसटी म्यान, लिल झोला, यङ २२ र लिल नोर्जाका साथमा बिटी भूमिका र करिश्मासिंह ठकुरीले अभिनय गरेका छन्।

सुशान्त केसीको

क्या कर्दिया

गायक सुशान्त केसीले आफ्नो पर्ख न बोलको गीत भारतमा ट्रेन्डिङमा परेपछि भारतीय दर्शकलाई ध्यानमा राख्दै क्या कर्दिया बोलको गीत हिन्दी भाषामा गाएका थिए। युट्युबमा ४ दशमलव ५ मिलियन भ्युज रहेको गीतमा सुशान्तकै शब्द रचना रहेको छ। गीतको भिडियोमा आना शर्मा र सुशान्तले अभिनय गरेका छन्।

सैराज खातीको

इश्कका आलम

गायक सैराज खातीले केही साताअघि मात्र इश्कका आलम बोलको हिन्दी गीत सार्वजनिक गरे। गीतमा शब्द ओम केरूङ र सुरज शाक्यको रहेको छ भने शंकर थापा स्माइलको संगीत रहेको छ। गीतको भिडियोमा पछिल्लो समय युवा पुस्तामा निकै लोकप्रिय जोडी आयुष र एलिजेले अभिनय गरेका छन्। टिकटक लाइभबाट उदाएका आयुषसिंह ठकुरी र पाकिस्तानी नागरिक एलिजेको अभिनयलाई निकै मन पराइएको छ। आयुष र एलिजेले केही समयअघि मात्र विवाह गरेका थिए। यो गीतले ६ मिलिनियम युट्युब भ्युज पाएको छ।

एलिनालाई मौलिक तीज गायिकाको अवार्ड

छायाँछवि क्रियसनद्वारा राजधानीमा सम्पन्न ११औं संस्करणको छायाँछवि तीज म्युजिक अवार्ड-०८१ मा गायिका एलिना चौहानले गम्किदे मादलु बोलको गीतबाट उत्कृष्ट मौलिक तीज गीत गायिकाको अवार्ड चुमेकी छन्।

तीजसम्बन्धी साँस्कृतिक प्रस्तुतिका साथ सम्पन्न कार्यक्रममा राजेश बर्देवा तीज दोहोरी गीत गायक, अञ्जना सरू तीज दोहोरी गीत गायिका, सञ्जिता खड्का तीज गीत नवगायिका, शोभा पाण्डे र विन्दु बिसी तीज गीत गायिका, सुमन बैरागी पण्डित तीज गीत शब्द, लोकराज अधिकारी मौलीक तीज गीत शब्द, शुकदेव अधिकारी तीज गीत लय, प्रेम सापकोटा सोनु मौलिक तीज गीत लय, सुरेन्द्र वसेल तीज गीत नृत्य निर्देशक, श्रीजन बराल तीज गीत भिडियो निर्देशक, स्मारिका ढकाल मौलिक तीज गीत मोडल, राहुल श्रेष्ठ र कविता न्यौपाने तीज गीत मोडल, शिला गजुरेलले जुरी अवार्ड, विनय कार्की क्षत्री तीज गीत एरेन्जर, प्रकाश मिश्र तीज गीत ध्वनि मिश्रण, मुकेश हुमागाईं तीज गीत छायाँकार र वीरेन्द्र भाट विपीन तीज गीत भिडियो सम्पादकको अवार्ड विजयी भए।

कार्यक्रममा मोडल स्व. दिपाशा बिसीको स्मृतिमा यस वर्ष स्थापित छायाँछवि दिपाशा स्मृति पुरस्कार ११ हजार १ सय ११ रूपियाँसहित अञ्जु निरौलालाई प्रदान गरिएको छ। त्यसै गरी, मोडल सिम्रन दुलाल कुसुम, पत्रकार वर्षा खनाल, गायिका बबिना भट्टराई र लोकगायिका सञ्जु न्यौपानेलाई छायाँछवि तीज नारी सम्मानबाट सम्मानीत गरिएको छ।

कार्यक्रममा गायिका सहिमा श्रेष्ठ र गायिका अञ्जु श्रेष्ठले गायन प्रस्तुति दिएका थिए भने मोडल अस्मिता पुरी र निकिशा श्रेष्ठ एवं सूर्योदय डान्स स्टुडियोको नृत्य प्रस्तुति रहेको थियो। कार्यक्रम सञ्चारकर्मी दीपज्योति थापाले सञ्चालन गरेकी थिइन्।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरु लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरिप्रसाद नाटक महोत्सवमा कोशीको घरजम विजयी

कलाकर्मी र सञ्चारकर्मी सम्मानीत

कलाकर्मी र सञ्चारकर्मीलाई सम्मान पुरस्कार प्रदान तथा नाटक महोत्सवका विजयीलाई पुरस्कार प्रदान गर्दै राजधानीमा रेडियो नेपालका प्रथम गायक, ख्यातिप्राप्त रंगकर्मी, अभिनेता तथा गीतकार स्व. हरिप्रसाद रिमालको शतवार्षिकी मनाइएको छ।

स्व. रिमालको शतवार्षिकीको अवसर पारेर राष्ट्रिय नाचघर जमलमा पहिलोपटक आयोजित राष्ट्रिय नाटक महोत्सव-२०८१ को विभिन्न विधाका विजयी तथा कला र पत्रकारिता क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तित्वलाई पुरस्कार र सम्मान प्रदान गरेर उनको शतवार्षिकी कार्यक्रम सम्पन्न गरिएको हो। स्व. रिमाल र उनकी सञ्चारकर्मी पत्नी कल्याणी रिमालको नाममा स्थापित हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत प्रतिष्ठानले आयोजना गरिएको तीनदिने नाटक महोत्सवअन्तर्गत कोशी प्रदेशबाट चेतना नाट्य समूह इलामको प्रस्तुति स्वरूप माधव भण्डारीको लेखनको नाटक घरजमले प्रथम पुरस्कार जितेको छ। विजयी नाटकलाई १ लाख रूपियाँ पुरस्कार प्रदान गरिएको छ। सोही नाटकबाट सुरेश पोर्तेल र अन्वेश थुलुङ राईले निर्देशक तथा भावना खपाङ्गी मगरले अभिनेत्रीको अवार्ड चुमेका छन्। उनीहरूलाई पुरस्कार स्वरूप जनही १५ हजार रूपियाँ प्रदान गरिएको छ।

त्यस्तै, लुम्बिनी प्रदेशबाट सहभागी गणेशप्रसाद पौडेलको लेखन र विशालकुमार केसीको निर्देशन रहेको नाटक निब ५० हजार रूपियाँसहित द्वितीय भएको छ। सोही नाटकबाट सोमनाथ खनालले १५ हजार रूपियाँसहित अभिनेताको अवार्ड चुमे। त्यस्तै, वागमती प्रदेशबाट सहभागी श्रीकृष्ण शाहीको लेखन, निर्देशन र प्रस्तुतिको नाटक सिल्भियाले तृतीय भई २५ हजार रूपियाँ प्राप्त गरेको छ। समारोहमा कार्यक्रमका सभाध्यक्ष एवं प्रतिष्ठानका अध्यक्ष वासुदेव त्रिपाठी, रिमालकी सञ्चारकर्मी पत्नी कल्याणी रिमाल, सदस्य-सचिव सम्राट सापकोटालगायतले विजयी हुनेहरूलाई ट्रफी, नगद र सम्मानपत्रसहित पुरस्कार प्रदान गरे।

सोही अवसरमा कलाकर्मी र सञ्चारकर्मीलाई हरेक वर्ष प्रदान गरिंदै आएको सम्मान पुरस्कार पनि प्रदान गरियो। अभिप्सा सापकोटाद्वारा सञ्चालित कार्यक्रममा वर्ष २०७९ को हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत पुरस्कारबाट गणेश रसिक, हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत विशेष पुरस्कारबाट गायक सुदेश शर्मा, हरिप्रसाद कल्याणी रिमाल सञ्चार सेवा सम्मानबाट पुरूषोत्तम सापकोटा र हरिप्रसाद कल्याणी विशेष सञ्चार सेवा सम्मान पुरस्कारबाट सञ्चारकर्मी भाष्करराज राजकर्णिकारलाई पुरस्कृत गरियो। त्यस्तै, २०८० को हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत सम्मान पुरस्कारबाट मदनदास श्रेष्ठ सम्मानीत भए भने हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत विशेष पुरस्कारबाट रंगकर्मी अनुप बराल, हरिप्रसाद कल्याणी रिमाल सञ्चार सेवा सम्मानबाट सूर्यकुमारी पन्त र हरिप्रसाद कल्याणी विशेष सञ्चार सेवा सम्मान पुरस्कारबाट पत्रकार अनन्त वाग्ले सम्मानीत भए। हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत पुरस्कारको राशी ३१ हजार १ र अन्य पुरस्कारको राशी २१ हजार १ रूपियाँ रहेको छ। समारोहमा सम्मानीत व्यक्तित्वबारे अभिनेता तथा रंगकर्मीत्रय सम्राट सापकोटा, वीरेन्द्र हमाल र पुष्कर गुरूङ, पत्रकार विदुर गिरी र सञ्चारकर्मी सोमराज पोखरेलले प्रकाश पारेका थिए।

स्व. रिमालको शतवार्षिकी महोत्सवको प्रतिस्पर्धा अन्तर्गत महोत्सवमा सुदूरपश्चिमबाहेक ६ प्रदेशका विभिन्न स्थानबाट प्रतिस्पर्धाका लागि सहभागी नाटकमध्ये निर्णायक समूहले चयन गरेका ६ नाटक प्रतिस्पर्धाका लागि मञ्चन गरिएको थियो। नाट्यकर्मी अशेष मल्ल, हरिबहादुर थापा र पुष्कर गुरूङ निर्णायक रहेको महोत्सवमा सती कलसा, निब, नाच नौरङ्गी, लासको खेती र सिल्भिया नामक नाटकले प्रतिस्पर्धाको अवसर पाएका थिए। नाटकका विजेता कलाकारले निर्णायक मध्यका एक पुष्कर गुरूङको आगामी फिल्ममा अभिनयको मौका पाउने छन्। त्यसै गरी, प्रथम भएको नाटकलाई व्यावसायिक मञ्चनमा ल्याइने भएको छ।

समारोहमा शिखर कलाकार हरिप्रसाद रिमाल नामक पुस्तक पनि लोकार्पण गरिएको थियो।

तस्वीरहरू : रंगराज आचार्य

इन्फा अवार्डमा अनमोल र केकीले मारे बाजी

यति इन्टरनेसनल नेपाली फिल्म अवार्ड २०२४ (इन्फा) लन्डनमा सम्पन्न भएको छ।

लन्डनको ग्रिनफोर्ड हलमा सम्पन्न अवार्ड समारोहमा अनमोल केसी फर्की फर्कीबाट सर्वोत्कृष्ट अभिनेता र केकी अधिकारी प्रसाद-२ बाट सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड विजेता भएका छन्। जारी सर्वोत्कृष्ट फिल्म घोषित भएको छ भने उपेन्द्र सुब्बा सुब्बाले निर्देशकको अवार्ड पाएका छन्। सर्वोत्कृष्ट कथा/पटकथाको अवार्ड दिमाग खराबबाट आकाश बरालले पाउँदा प्रसाद-२ बाट अर्पण थापा खलपात्र, प्रकाश सपुत बोक्सीको घर (बुझिन मैले) बाट संगीतकार, कालिप्रसाद बास्कोटा जारी (चरी बस्यो) बाट पार्श्वगायक, समीक्षा अधिकारी बोक्सीको घर (बुझिन मैले) बाट पार्श्वगायिका, शिशिर खत्री पुजार सार्की (दर्शन गरें) बाट नृत्य निर्देशक प्रसाद-२ बाट राजेश श्रेष्ठ छायाँकार र फर्की फर्कीबाट सुरेन्द्र पौडेल सम्पादकको अवार्ड विजेता भएका छन्।

त्यसै गरी, वर्ष-२०२४ को पपुलर अभिनेताको अवार्ड दयाहाङ राईले फिल्म जारीबाट हात पाएका भने यही फिल्मबाट मिरूना मगरले पपुलर अभिनेत्रीको अवार्ड पाएकी छन्। पुजार सार्कीबाट प्रदीप खड्का र सुपला सापकोटा बोक्सीको घरबाट अभिनेत्रीको जुरी अवार्ड जित्न सफल भएका छन्। पब्लिक च्वाइसतर्फ अभिनेताको अवार्ड पल शाहले पाए भने अभिनेत्रीको अवार्ड जसिता गुरूङले पाएकी छन्। त्यसै गरी, पर्फमर अफ द एयरको अवार्ड मोडल तथा डान्सर सुशान्त खत्रीले जित्दा इन्करेजमेन्ट अवार्ड फिल्म लन्डन टु पेरिसबाट गरिमा शर्माले पाएकी छन्।

समारोहमा भुवन केसी लाइफटाइम एचिभमेन्ट अवार्डबाट सम्मानीत भएका छन्। अवार्ड कार्यक्रम यति नेपाली एसोसियसन, यूकेको आयोजना तथा संगिक्षा फिल्म्स् इन्टरटेनमेन्ट प्रालिको व्यवस्थापनमा भएको हो। अवार्ड समारोहमा केकी अधिकारीले बुझिन मैले, अनमोल र जसिताले फर्की फर्की, शिल्पा मास्केले गैरी खेतको र आज हाम्रो भेट भएको दिन, सुशान्त खत्रीले नेपाली गीतको कलेक्सनमा नृत्य प्रस्तुत गरेका थिए भने भुवन केसी, गौरी मल्ल, जिया केसी, गरिमा शर्मा र आर्जन पाण्डेले विभिन्न प्रस्तुति प्रस्तुत गरेका थिए।

अमेरिकाबासीलाई देउडामा नचाए नन्दकृष्णले

देउडा सम्राट नन्दकृष्ण जोशीले देउडा गीत पस्केर अमेरिकाबासी नेपालीलाई नचाएका छन्।

विभिन्न कार्यक्रममा सहभागी भई देउडा गीत-संगीतको आनन्द दिलाउन हालै अमेरिका पुगेका देउडा गायक जोशीले विस्कान्सिन राज्यको मिल्वाकी शहरमा आयोजित गौरा पर्वमा आफ्ना आधा दर्जन देउडा गीत सुनाएर त्यहाँका नेपालीलाई मनोरञ्जन प्रदान गरेका हुन्। उनले गौरा सामाज विस्कान्सिनको आयोजनामा हिन्दू मन्दिर परिसरमा आयोजित गौरा पुजन तथा देउडा कार्यक्रममा दउडा गाएर त्यहाँका नेपालीलाई मनोरञ्ज प्रदान गरे। त्यहाँ जम्मा भएका नेपाली कार्यक्रम अवधिभर उनको देउडा भाकामा उनीसँगै नाचेर र झुमेर रमाएका थिए।

गौरा सुदूरपश्चिमबासीले मनाउने प्रमुख चाड हो। कार्यक्रममा स्थानीय पण्डित जगदीश आचार्यले महिलालाई गौरामाताको पुजन गराएका थिए। गौरा पुजनपछि देउडा गायक जोशीले देउडा गीत-संगीत प्रस्तुत गरेका थिए।

झण्डै ६ घण्टा चलेको कार्यक्रममा गायक जोशीले ओ बाँझ झुमरेली बाज, झुम्के डालीमा जस्ता आफ्ना लोकप्रिय देउडा सुनाएर त्यहाँका नेपालीलाई नचाएका थिए।

गौरा समाजले सन् २०१६ देखि निरन्तर रूपमा गौरा पुजन तथा देउडा कार्यक्रमको आयोजना गर्दै आएको समाजसेवी तथा व्यवसायी गोविन्द फुलाराले जानकारी गराए।

तीज गीत अवार्डमा दुई गीतको ह्याट्रिक

राजधानीमा सम्पन्न तेस्रो म्युजिक खबर तीज म्युजिक अवार्ड-२०८१ मा गायक सूर्य खड्का सीताका माइती बुद्धका देश बोलको गीत र गायिका सुनीता बुढा क्षत्री पाउँदिन म छोरीबाट उत्कृष्ट गायक गायिका घोषित भएका छन्।

कार्यक्रममा सीताका माइती बुद्धका देश र काली पसमकी गीत ह्याट्रिक गर्न सफल भए। सीताका माइती बुद्धका देशविजय पुन उत्कृष्ट मोडल र दुर्गा पौडेल छायाँकार तथा काली पसमकीबाट प्रेम सापकोटा सोनु मौलिक तीज गीत गीतकार, नवीन घर्ती मगर भिडियो सम्पादक र स्मारिका ढकालले पपुलर म्युजिक भिडियो मोडल अवार्ड चुमे।

संगीतकार बीपी वाग्ले, गायिका शोभा पाण्डे र गीतकार डा. शिव सुवेदी निर्णायक रहेको कार्यक्रममा मन परेको मान्छे मौलिक तीज गीत, लै बरी लै लै डायस्पोरा गीत, प्रेम सापकोटा मौलिक शब्द, विशाल क्षत्री तीज दोहोरी गीत शब्द, निर्मला राना मगर डायस्पोरा गीतकार, भानुभक्त ढकाल तीज दोहोरी गीत-संगीत, सरोज कोइराला तीज गीत मौलिक संगीत, शम्भु कुँवर तीज दोहोरी गीत, जानकी तारमी मगर तीज गीत मौलिक गायिका, स्मृति तिमिल्सिना भिडियो निर्देशक, विक्रम चौहान कोरियोग्राफर, नारायणी खत्री तीज गीत भिडियो मोडल, स्मारिका ढकाल पपुलर मोडल, पनाह अधिकारी मल्टिट्यालेन्ट मोडल, रितु तामाङ मोडल जुरी अवार्ड, दिव्यानी वली तीज गीत नवप्रतिभा मोडल, सरिता मगर शृंगार, झलक संगीतम् मौलिक तीज गीत संगीत संयोजन, कुमार राना मौलिक तीज गीत मिक्सिङ, कृष्ण लामिछाने तीज दोहोरी गीत मिक्सिङ र कृष्ण केसी तीज दोहोरी गीत-संगीत संयोजक विधाको अवार्ड विजेता भए।

न्युयोर्क फेसन विकमा आईआइएफटियन स्मिताको चर्चा

विश्व चर्चित फेसन शो कुटोअर फेसन विक न्युयोर्क -२०२४ मा नेपाली फेसन डिजाइनर स्मिता राईले यो आफ्ना आकर्षक सिर्जना प्रस्तुत गरेर वाहवाही पाएकी छन्।

अमेरिकाको न्युयोर्कमा सेप्टेम्बर १४ देखि एक साता चलेको फेसन विकमा स्मिताले आफ्नो फेसन क्रियसनसँगै नेपाल र नेपालीको शान समेत बढाएकी छन्। फेसन विकमा स्मिताले करिब एक महिना लगाएर तयार पारेका पहिरनमा हलिउडका चर्चित मोडलले क्याटवाक गरेका थिए। नेपाली आर्ट र कल्चर मिश्रित स्मिताको क्रियसनले कार्यक्रममा चर्चा पाएको थियो।

फेसन सिटीका रूपमा चिनिएको न्युयोर्कमा आयोजित फेसन विकमा विख्यात फेसन डिजाइनर तथा मोडलको प्रस्तुति रहेको थियो। फेसन सप्ताहको ४०औं संस्करणमा नेपालको तर्फबाट स्मिता मात्र छनोट भएकी हुन्। युयोर्क कुटोअर फेसन विकजस्तो कार्यक्रममा आफ्ना सिर्जना प्रस्तुत गर्ने अवसर पाउँदा आफूलाई गौरवान्वित महुसुस भएको स्मिताले बताइन्। 'यसको श्रेय आईआईएफटी स्कुल अफ फेसन एन्ड इन्टेरियर डिजाइनलाई दिन चाहन्छु। अन्तर्राष्ट्रिय मञ्चमा एक जना नेपालीले कला देखाउने अवसर पाउनु भनेको नेपालीकै लागि खुसीको कुरा हो ।' -उनले भनिन्।

सम्झनामा सानु र सारूक

अभिनेता बाबु छोरा सानु ताम्राकार र सारूक ताम्राकारको वार्षिक पुण्यतिथिमा नेपाल चलचित्र कलाकार संघले ताम्राकार परिवारसँगको सहकार्यमा राजधानीमा एक कार्यक्रम आयोजना गरी उनको सम्झना गरेको छ।

सारूक ताम्राकारले ह्यास ट्याग माया नामक फिल्मको सुटिङबाट फर्की आत्महत्या गरेको पुत्रवियोगको पीडाले थलिएका सानुको उपचारकै क्रममा गत वर्षको भाद्र ९ गते निधन भएको थियो। वार्षिक पुण्यतिथिको कार्यक्रममा बोल्दै संघका अध्यक्ष मोहन निरौलाले सानु ताम्राकारको निधनले कलाकारिता क्षेत्रले मात्र नभई संघले नै एक अभिभावक गुमाएको बताए। सानु विभिन्न समयमा संघको पदाधिकारी रहेका थिए।

फिल्मकर्मी नीर शाहले सानु ताम्राकारको अभाव सदैव फिल्म क्षेत्रमा खड्कने जनाउँदै उनले नेपाली फिल्म र कलालाई विश्वबजारमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको जनाए। अभिनेता रमेश बुढाथोकीले ताम्राकार परिवारसँग एक असल मित्र र कलाकार गुमाउँदाको पीडा सुनाउन नसकिने बताए। उनले सारूक एक अब्बल कलाकार रहेको सम्झना पनि गरे।

झापाका सन्तोष मिस्टर नेपाल

झापाका सन्तोष लोक्सम मिस्टर नेपाल–२०२४ भएका छन्। राजधानीको सोल्टीमोडस्थित होटल सोल्टीमा सम्पन्न प्रतियोगितामा शीर्ष उपाधि जितेसँगै सन्तोषले ५ लाख रूपियाँ पुरस्कार पाएका छन् भने आगामी नोभेम्बरमा भियतनाममा हुने मिस्टर वर्ल्ड–२०२४ मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्ने छन्।

त्यसै गरी, भक्तपुरका योगेश श्रेष्ठ मिस्टर ग्लबोल नेपाल–२०२४ भई आगामी अक्टोबरमा थाइल्यान्डमा हुने मिस्टर ग्लबोल–२०२४ मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछन्। त्यस्तै, काठमाडौंका आयुष दुलालले म्यान अफ द वर्ल्ड नेपाल चुनिई म्यान अफ द वर्ल्ड–२०२४ मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्ने भएका छन्। योगेश र आयुष दुवैले ३ लाख रूपियाँ बराबरको विभिन्न पुरस्कार प्राप्त गरेका छन्।

प्रतियोगितामा धरानका आदेश प्रधान फस्ट र हेटौंडाका आयुष बमजन सेकेन्ड रनर्सअप, आयुष बोमजन मस्ट पपुलर, सन्तोष लोक्सम म्यान अफ एलिगेन्स, प्रकाश चौहान मस्ट एक्टिभ, समीर तिमिल्सिना बेस्ट स्किन, आदेश प्रधान पब्लिक च्वाइस, साकार बजिमय मस्ट इन्टिलेक्चुयल, मनोज गुरूङ बेस्ट फिजिक, आयुष दुलाल बेस्ट पर्सनालिटी, पिन्टु सन्याल टुसाल मस्ट ट्यालेन्टेड, योगेश श्रेष्ठ मिस्टर फाटोजेनिक, पियूष श्रेष्ठ मेन च्वाइस, अनिकेत प्रजापति बेस्ट हेयर, अग्रज श्रेष्ठ मिस्टर स्टाइल आइकन, सिजल कपाली मिस्टर फेसनिस्ट र मनोज गुरूङ बेस्ट स्पोर्टस्मेनसिप अवार्ड विजेता भए।

अभिनेता तथा कोरियोग्राफर प्रशान्त ताम्राकारको कोरियोग्राफीमा सम्पन्न प्रतियोगितामा फोटोग्राफर राजभाइ सुवाल, उद्यमी टीकाराम बुढाथोकी, अभिनेत्री एवं मोडल नीति शाह, पूर्वमिस नेपालद्वय माल्भिका सुब्बा र नम्रता श्रेष्ठ तथा पूर्वमिस्टर नेपाल डा. रूपक घिमिरे र सन्दीप पोखरेल निर्णायक रहेका थिए।

देववाणीमा
कुन्दन र अनुजाको रोमान्स

आगामी मंसिर ७ गते अल नेपाल रिलिज हुने फिल्म देववाणीमा समावेश गीत तिमीलाई सधैंभरि राजधानीमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक गरिएको छ। कार्यक्रममा फिल्मको टिजर र अर्को एक गीत पनि सार्वजनिक गरिएको थियो।

सार्वजनिक गीतमा प्रताप दास र सुनीता कार्कीको स्वर, भोला पौडेलको शब्द रचना तथा मनोहर सुनाम र सन्तोष प्रगाढको संगीत रहेको छ। भारतका विभिन्न सुन्दर दृश्यमा खिचिएको गीतको भिडियोमा फिल्मका नायक कुन्दन भारद्वाज र नायिका अनुजा लेप्चा फिचर्ड छन्। कुन्दन र अनुजालाई रोमान्टिक भावमा देखाइएको छ। गीतको भिडियोमा तेन्जु योञ्जनको कोरियोग्राफी छ।

मौसम फिल्म्स् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टको ब्यानरमा मीना खड्का र हीराबहादुर लेप्चाद्वारा निर्मित तथा बाबुसाहेब बलामीद्वारा निर्देशित फिल्ममा कुन्दन भारद्वाज, अनुजा लेप्चा, सुनील थापा, ध्रुव कोइराला, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, लक्ष्मीनाथ तिमल्सिना र मौसम पौडेललगायतले अभिनय गरेका छन्।

सिमरा, वीरगन्ज, इटहरी र काठमाडौंमा छायांकन गरिएको फिल्ममा निराजन मेहता मञ्जिलको पटकथा र संवाद, मनोहर सुनाम र सन्तोष प्रगाढको संगीत, रामजी लामिछाने र तेन्जु योञ्जनको कोरियोग्राफी, श्री श्रेष्ठ र देव महर्जनको द्वन्द्व, हरिबहादुर घलेको छायांकन र बन्दे प्रसादको सम्पादन रहेको छ। मनकुमार लेप्चा र रमेश ढुंगेल 'झापाली' कार्यकारी निर्माता रहेको फिल्म नेपाली र हिन्दी भाषामा निर्माण गरिएको छ।

सकियो नेपथ्यको अमेरिका कन्सर्ट

लोकप्रिय सांगीतिक समूह नेपथ्य ब्यान्डले पेन्सिलभानियाको राजधानी ह्यारिसबर्गमा कन्सर्ट गरेसँगै झन्डै डेढ महिना लामो अमेरिका कन्सर्ट सम्पन्न गरेको छ।

पहिलोपटक ह्यारिसबर्ग शहरमा कन्सर्ट गरेको नेपथ्य ब्यान्ड झन्डै एक सय वर्षको इतिहास बोकेको द फोरम हलमा प्रस्तुत भएको थियो। यसपालिको अमेरिका कन्सर्टअन्तर्गतको अन्तिम कन्सर्ट स्वरूप उक्त शहरमा प्रस्तुत हुने क्रममा नेपथ्यको आँगनैभरि देखि भर्खरै रेकर्ड भएको पचासै वर्षमा जुग कहाँ पुग्यो नि जस्ता सबै गीतमा दर्शकले नाचेर र गाएर साथ दिएका थिए। दुवैतर्फको उत्साह र उत्तेजनाले कन्सर्टको शुरूआतदेखि नै मञ्च र दर्शकदीर्घा बीच एक किसिमको बन्धन विकास हुँदै गएको देखिएका नेपथ्यले जनाएको छ। 'नेपाली जहाँ गए पनि भाषाले हामीलाई आपसमा बाँधेको छ', कन्सर्टमा भोकलिस्ट अमृत गुरूङको आग्रह थियो- 'यो भाषालाई भावी सन्ततीसम्म विस्तार गरौं है।'

ब्यान्डले रातो र चन्द्रसुर्जे गीतमार्फत नेपालको गौरवगाथादेखि सामाजिक चेतका सन्देशसहित सार्वकालिक हिट लोकरक गीत कन्सर्टमा समेटेको थियो। कार्यक्रमभर पटक-पटक नेपाली पहिचानको पक्षमा विचार राखेका अमृतले स्वदेश घुम्नुपर्ने आह्वानलाई दोहोऱ्याए। कन्सर्टका क्रममा उनले पैदलै गाउँबस्ती पुगेर गीत संकलन गर्दाको अनुभव पनि सुनाए। पदयात्राका क्रममा उनैले खिचेका पृष्ठभूमिका तस्वीरले पनि उनका भनाइलाई सघाइरहेको देखिन्थ्यो।

'गत १० वर्षमा हामीले कैयौं नेपाली कार्यक्रम आयोजना र संयोजन गर्यौं तर नेपथ्यको यो टुर, निःसन्देह हालसम्मकै अब्बल अनुभव रह्यो', नेपथ्यको अमेरिका यात्राको केन्द्रीय संयोजन गर्ने मोमो इन्टरटेनमेन्टका विपीन थकालीले भने- 'सबै शहरमा कायम रहेको उत्कृष्ट प्रस्तुति र हलको क्षमता अनुसारको दर्शकको उल्लेख्य उपस्थितिले हामी यहाँका आयोजकको शाख र मनोबल बढाएको छ।'

कन्सर्टमा मुख्य गायक अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा निरज गुरूङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए। कोलोराडोको डेनभरबाट शुरू भएको नेपथ्यको अमेरिका कन्सर्ट क्रमशः क्यालिफोर्निया राज्यको सानफ्रान्सिस्को, ओहायो राज्यको कोलम्बस, टेक्सासको डालास, न्युयोर्क, मेरिल्यान्ड र अन्त्यमा पेन्सिलभानियाको ह्यारिसबर्ग पुगेर समापन भएको थियो।

राजमती नेपाली भर्सनमा

नेपाल भाषाको कालजयी गीत राजमती कुमती जिकेवस पिरती अब नेपाली भर्सनमा आएको छ।

करिब साँढे २ सय वर्षअघि नै लोकप्रिय भई पुस्तान्तरण हुँदै पहिलोपटक करिब १ सय १५ वर्ष पहिले भारतको कलकत्तामा औपचारिकरूपमा रेकर्ड गरिएको कालजयी गीत राजमती नेपाली भाषामा पुनर्लेखन, संगीत र एरेन्ज गरी बुधबार राजधानीमा आयोजित कार्यक्रमका बीच सार्वजनिक गरिएको हो। कार्यक्रममा ख्यातिप्राप्त हास्यव्यंग्य अभिनेता तथा गायक मदनकृष्ण श्रेष्ठले राजमतीको नेपाली भर्सन सार्वजनिक गरेका हुन्। नेपालको पहिलो गायक सेतुराम प्रधानले १९६५ सालताका भारतको कलकत्ता गई नेपाली र नेपालभाषाका राजमतीसहित १४ गीत आफैंले गाएर ग्रामोफोन डिस्कमा रेकर्ड गराएका थिए। नेपालीले ग्रामोफोन डिस्कमा रेकर्ड गराएको पहिलो अवसर पनि यही थियो। यही सर्वप्रिय गीतलाई नेपाली भर्सनमा गीतकार कृष्णदेव रिमालको भाषासम्पादन, गायक कृष्ण काफ्लेको स्वर र सन्तोष श्रेष्ठको संगीत संयोजनमा तयार पारी सार्वजनिक गरिएको हो।

साँढे २ सय वर्षदेखि आजसम्म उत्तिकै सर्वप्रिय बन्न सफल गीत अझ संसारभरका नेपालीभाषीमाझ पुऱ्याउने उद्देश्यले नेपाली भर्सनमा ल्याएको निर्माता कम्पनी ड्रिम वर्ल्ड अफ फिल्म मेकर्सले जनाएको छ। जनक वाग्लेको संवादबाट शुरू हुने फिल्मी शैलीको गीतको भिडियो सय वर्षअघिको कथावस्तु अनुसार नै तयार पारिएको र सोहीअनुरूप भिडियो निर्माण गरिएको कम्पनीले जनाएको छ। सागर खनाल र सोनी लगुनका साथमा पवन केसी, प्रचतकुमार खेन, प्रतीक्षा शाह, संगीत अधिकारी, रेश्मा श्रेष्ठ, सुरेन्द्र खड्का, रोमन डंगोल, रोजिना कार्की, सुनयमान श्रेष्ठ, राम गिरी, कृष्णमंगल श्रेष्ठ, रामकृष्ण चौलागाईंलगायतका कलाकारको अभिनय रहेको भिडियोमा कोरियोग्राफी नारायण रिजाल, कन्सेप्ट र निर्देशन पहिलो नेपाली महिला छायाँकार सबनम मुखिया, छायाँकन दीपक बज्राचार्य र सम्पादन अरूण शर्माको रहेको छ। गीत रश्मी प्याकुरेलले निर्माण गरेकी हुन्।

कार्यक्रममा प्रमुख अतिथि अभिनेता मदनकृष्ण श्रेष्ठले नेपाली संगीत क्षेत्रमा राजमति निकै महत्वपूर्ण गीत भएको चर्चा गर्दै यस्तो ऐतिहासिक गीतलाई नेपाली भर्सनमा तयार पारिनु राम्रो काम भएको बताए। गीतको भिडियोकी निर्देशक सबनम मुखियाले नेपाल भाषाको लोकप्रिय गीतलाई नेपाली भाषामा ल्याउँदा कस्तो होला भन्ने कौतुहलता यसको नेपाली भर्सन तयार भएपछि पूरा भएको बताइन्।

कार्यक्रममा गायक सेतुराम प्रधानको परिवारलाई सम्मान गरिएको थियो। त्यसै गरी, पत्रकार विजयरत्न तुलाधरलाई रास्ट्रिय पत्रकारिता पुरस्कार र व्यवसायी फुपू तेञ्जिङ शेर्पालाई रास्ट्रिय युवा उद्दमी पुरस्कारबाट पुरस्कृत गरिएको छ।

तेल भिसाको लिरिकल सङ

आगामी मंसिर ७ गतेका लागि रिलिज डेट तोकिएको सामाजिक कथाको फिल्म तेल भिसाको लिरिकल भिडियो सङ ओएसआर डिजिटल युट्युबबाट सार्वजनिक गरिएको छ।

अमेरिका र नेपालका सानदार दृश्य समावेश गरिएको लिरिकल भिडियो सङमा अमेरिकाबासी नेपालीको सुख-दुःखका कथा समेटिएको छ। सुखद् र समृद्ध भविष्यको सपना बुनेर बिदेसिएका नेपालीको सुखसँगै दुःखको कथा बुनिएको लिरिकल भिडियो सङमा अभिनेता विपीन कार्कीलाई दुई चरित्रमा देखाइएको छ भने विपीनका साथमा फिल्मका मुख्य कलाकारहरू पूजा चन्द, वर्षा राउत, ऋचा घिमिरे, बुद्धि तामाङ र सुचित्रा उप्रेतीलाई प्रस्तुत गरिएको छ। गीतको भिडियोमा आफ्ना छोरा-बुहारीको सहयोग र नाति-नातिनीको स्याहारका लागि विदेश पुग्ने अभिभावकको भावुक कथा देखाइएको छ। अभिनेता विपीन कार्कीको हालै निधन भएकी आमा सरस्वती कार्कीप्रति समर्पित लिरिकल भिडियो सङले कलाकारहरूको चरित्र चित्रण जति गरेको छ, त्योभन्दा बढी रहस्यमा लुकाउने प्रयास गरेको ती चरित्रका खास कथा।

भावप्रधान गीतमा हर्क साउदको शब्द रचना, कल्याण सिंहको संगीत तथा निशान भट्टराई र समीरा थपलियाको स्वर रहेको छ। फिल्म निर्देशक शंकर घिमिरेले निर्देशन गरेका छन्। घिमिरेले १२ वर्षपछि निर्देशनमा कमब्याक गरेका हुन्। यसअघि उनले बिष, वीरताको चीनो, ब्रेकफेल, तुलसीजस्ता फिल्म निर्देशन गरेका थिए। ऋचा घिमिरे, पूजा चन्दजस्ता कलाकारले पनि लामो समयको अन्तरालपछि यही फिल्मबाट कमब्याक गरेका छन्।

वेलडन क्रियसनको ब्यानरमा नायिका ऋचा घिमिरेद्वारा प्रस्तुत तथा अनिल पाण्डे र शिवराज कार्कीद्वारा निर्देशित फिल्ममा प्रिन्स युवराज कार्की र श्रुति दाहाल कार्यकारी निर्माता रहेका छन्। फिल्ममा निर्देशक शंकर घिमिरेको लेखन, रामजी लामिछाने र शिशिर खातीको कोरियोग्राफी, आशिष अविरल, कल्याण सिंह र कृष्ण भारद्वाजको संगीत, सुशन प्रजापतिको छायांकन र अजय खड्काको सम्पादन रहेको छ।

UNILEVER NEPAL LIMITED
NEW
नयाँ LUX, VITAMIN C युक्त
FLAW-LESS ग्लो* को लागि
LUX®
भिटामिन सी
ज्यास्मिन एक्सट्रैक्ट
लोटस एक्सट्रैक्ट
रोज एक्सट्रैक्ट
LUX®
Even-Toned Glow
ROSE
VITAMIN C + E
LUX®
Fresh Glow PLUS
LOTUS
LUX®
Flaw-less Glow
JASMINE
VITAMIN C + E
*Basis clinical study done by independent clinical research organization, 2022 with regular use.